का.जि.प्र.का.द.नं. १००/०५९/६०
१६ साउन २०८०,
मंगलबार
1 August 2023,
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १८७ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com



डोम समुदायको दर्द

# गुजारा चलाउनै गाह्रो छोराछोरी पढाउने कसरी ?

रोजगारको अर्को साधन छैन । लगन र पर्वको बेला बाँसजन्य सामग्री बनाएर नगदमा बेच्छु । अरुबेला बाँसजन्य सामग्रीको माग आउँदैन । जसोतसो अभाव झेल्दै जिविका चलाउँदैछु ।

■ रितादेवी मरिक
हनुमाननगर नगरपालिका, सप्तरी

सिमान्तकृत समुदायलाई राज्यसत्तामा पहुँच स्थापित गर्ने वाचासहितको जनआन्दोलनले मुलुकमा गणतन्त्र ल्याएको दुई दशक हुन लाग्यो । समावेशी प्रतिनिधित्वको ग्यारेन्टी गर्दै संविधान जारी भएको एक दशक हुन लाग्यो । तर मधेश प्रदेशका डोम समुदायको दर्द उस्तै छ । विद्यालय बाहिर रहेका बालबालिकाको भविष्य अन्धकारमय छ ।

**पिन्टु यादव / मध्यान्ह**
सप्तरी, १५ साउन ।

नेपालको संविधान २०७२ ले निःशुल्क शिक्षा भनेको छ । शिक्षालाई मौलिक हकमै राखेको संविधान जारी भएको दशक हुन लाग्दा समेत सप्तरीका डोम समुदायका बालबालिका अझै विद्यालय बाहिर छन् । डोम समुदायले बालबालिकालाई विद्यालय पठाउन नसक्नुको कारण हो - गरिबी । मौलिक पेशामै निर्भर डोम समुदायको आर्थिक स्तर उकासिन सकको छैन ।



राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा बसोबास गर्ने जातिहरुको कुल जनसंख्यामध्ये ०.०७ प्रतिशत डोमको बसोबास रहेको छ । जसमध्ये मधेश प्रदेशमा सबैभन्दा बढी डोमको बसोबास छ । देशभरमा कुल १९ हजार ९ सय एक जना डोममध्ये मधेश प्रदेशमै १४ हजार ६० जनाको बसोबास रहेको छ ।

हनुमान नगर कंकालनी नगरपालिका-८ योगिनियाँस्थित कोशी नदीको तटबन्धछेउमा बसोबास गरिरहेका दुई सन्तानका बाबु आशिष मरिकसँग नागरिकता पनि छैन । आशिषसहित तीन दाजुभाइको १३ सदस्यीय परिवारमध्ये विद्यालय जाने उमेरका ५ जना छन् । उनीहरु विद्यालय बाहिरै छन् ।

मौलिक पेशाका रुपमा रहेको डोम जातिको बाँसजन्य सामग्री बनाउने उनीहरुको जीविका चलाउने एकमात्र साधन हो । सिजनमा मात्रै चल्ने उक्त व्यवसायबाट घर चलाउन धौ-धौ हुन्छ । आफ्नै जग्गा जमिन नहुने डोमको बसोबास प्रायः अस्थायी हुने गर्छ । नेपाल सरकारले आवासको हक कार्यान्वयन गर्न जनता आवासको माध्यमले सुरक्षित आवासको कार्यक्रम ल्याएको भएपनि यो समुदायले लाभ लिन सकेको छैन ।

सुँगुर पाल्ने, बाँसको डाल, हाते पंखा, ढकिया जस्ता सामग्री बनाउने डोमले यस पेशाबाट जिवीका चलाउन सकिरहेका छैनन् । प्रशासनिक झन्झटले अधिकांश डोम अहिलेसम्म राज्यको सेवासुविधाबाट वञ्चित छन् । हनुमाननगर नगरपालिकास्थित पुलछेउमा बसोबास गरिरहेकी ५५ वर्षीया रितादेवी मरिक बाँसजन्य सामग्री बनाएर घर चलाउन धौ-धौ परिरहेको बताउँछिन् । उनी भन्छिन्, 'रोजगारको अर्को साधन छैन । लगन र पर्वको बेला बाँसजन्य सामग्री बनाएर नगदमा बेच्छु । अरुबेला बाँसजन्य सामग्रीको माग आउँदैन । जसोतसो अभाव झेल्दै जीविका चलाउँदैछु ।'

पुर्ख्यौली पेशामा निर्भर तिलाठी कोइलाडी गाउपालिका-७ मन्सापुरका चार घर डोमका बालबालिका भने नजिकै रहेको संस्थागत विद्यालयमा अध्ययनरत छन् । मौलिक पेशाबाट गरिएका आयआर्जनबाट घर परिवारसहित छोराछोरीलाई पढाइरहेका ३२ वर्षीय सुरेन मरिकले पनि बाँसजन्य सामग्रीबाट घर चलाउन धौ-धौ परिरहेको सुनाए ।

मधेश प्रदेशमै सबैभन्दा बढी धनुषा जिल्लामा डोमहरुको बसोबास रहेको छ भने सबैभन्दा कम रौतहट जिल्लामा छन् । धनुषामा २ हजार ३ सय ९ जनाको बसोबास छ भने रौतहटमा एक हजार एक सय ९ जनाको बसोबास रहेको छ । सप्तरीमा २ हजार दुई सय तीन जना, सिरहामा २ हजार एक सय २४ जना, महोत्तरीमा एक हजार २ सय ९२ जना, सर्लाहीमा एक हजार दुई सय १२ जना र पर्सा जिल्लामा दुई हजार एक सय ३९ जनाको बसोबास छ । यति ठुलो जनसंख्याले मुलुकमा »» पृष्ठ २ मा

जंगली च्याउहरु विषालु पनि हुन सक्छन्,
त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं ।

खेती गरेर उमारेका च्याउ खाने गरौं ।
जीवन सुरक्षित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

चुनावी खर्च विवरण नबुझाउनेहरु अदालतमा

## १५ हजार नलिन अदालतको अल्पकालीन आदेश

यही साउन १ गते निर्वाचन आयोगले गएको प्रदेश र संघीय चुनावमा २ हजार ४ सय बढी उम्मेदवारले चुनावी खर्च विवरण नबुझाएको भन्दै प्रत्येकलाई १५ हजारका दरले जरिवाना हुने ठहर गरेको थियो ।

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, १५ साउन ।

चुनावी खर्च विवरण सार्वजनिक नगर्ने नेताहरु अदालतमा पुगेका छन् । उनीहरुको पक्षमै उच्च अदालत पाटनले तत्कालका लागि आदेश जारी गरेको छ । सोमबार चुनावी खर्च विवरण सार्वजनिक नगर्ने उम्मेदवारसँग तत्काल १५ हजार जरिवाना नलिन उच्च अदालतले अल्पकालीन आदेश जारी गरेको हो ।

सोमबार न्यायाधीश ऋषिराम दवाडीको इजलासले उम्मेदवारलाई १५ हजार जरिवाना गर्ने निर्वाचन आयोगको निर्णय खारेज गर्न अल्पकालीन अन्तरिम आदेश दिएको हो । उच्च अदालतले यो विषयमा अन्तरिम आदेश दिन दुबै पक्षसँग छलफल गर्नुपर्ने भन्दै साउन २२ गते दुबै पक्षलाई बोलाएको छ ।

उच्च अदालतको यो आदेशसँगै चुनावी खर्च विवरण सार्वजनिक नगर्ने प्रतिनिधि सभा र प्रदेश सभा सदस्यका उम्मेदवारले तत्कालका लागि राहत पाएका छन् ।

आफूहरुले कानुन अनुसार चुनाव खर्च विवरण निर्वाचन आयोगमा बुझाएको र सार्वजनिक पनि गरेको तर आयोगले १५ हजार जरिवाना गरेको भन्दै राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरु विराजभक्त श्रेष्ठ, सोविता गौतम, शिशिर खनाल र गणेश पराजुलीले आइतबार उच्च अदालतमा रिट दिएका थिए ।

यस विषयमा सर्वोच्च अदालतमका पनि मुद्दा परेको छ । निर्वाचन खर्च बुझाएर सार्वजनिक गरेता पनि निर्वाचन आयोगमा पनि त्यसको जानकारी नगराएको भन्दै आयोगले जरिवाना तोकेका एक जना उम्मेदवार विनोदमणि भट्टराईले सर्वोच्च अदालतमा रिट दिएका हुन् । सोमबार दर्ता भएको रिटको मंगलबारका लागि पेशी तोकिएको छ ।

आयोगको सूचना अनुसार आफूले २०८० वैशाख १३ मा फेसबुकबाट खर्च विवरण सार्वजनिक गरी आफ्नो दायित्व पूरा गरेर ढुक्क भएको बसेको निवेदक भट्टराईले »» पृष्ठ २ मा

# वैदेशिक रोजगार विशेष

## गत वर्ष पौने आठ लाख नेपाली वैदेशिक रोजगारमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ साउन

वैदेशिक रोजगार विभागले गत आर्थिक वर्ष २०७९/८० मा वैदेशिक रोजगारीमा गएका कामदारको अन्तिम विवरण सार्वजनिक गरेको छ । यसअघि म्यानपावर कम्पनी नवीकरण प्रयोजनका लागि असार १५ सम्मको विवरण सार्वजनिक गरेको विभागले गत वर्षहरूभन्दा केही ढिला गरी अन्तिम विवरण सार्वजनिक गरेको हो ।

सरकारले विश्वका १ सय १० मुलुकमा नेपाली कामदार वैदेशिक रोजगारीका लागि पठाउन पाउने गरी खुला गरेको भएपनि म्यानपावर कम्पनीहरूले २२ मुलुकमा मात्रै नेपाली कामदार पठाउन सकेका छन् ।

गत आर्थिक वर्षमा मलेसियामा सबैभन्दा धेरै नेपाली कामदार गएका छन् । उक्त मुलुकमा ६ हजार २ सय ७६ जना महिलासहित २ लाख १९ हजार ८२ जना पहिलोपटक म्यानपावर कम्पनीबाट गएका छन् । पुनः श्रम स्वीकृति तथा व्यक्तिगत भिसामा गरी मलेसिया २ लाख ५९ हजार ५ सय ९४ जना गएका छन् । मलेसियापछि धेरै कामदार साउदी अरबमा गएका छन् । साउदीमा १ दाख १२ हजार ७ सय ७७ जना गएकोमा म्यानपावर कम्पनीमार्फत जानेको संख्या ५५ हजार ६ सय २४ जना रहेको छ । म्यानपावर कम्पनीमार्फत साउदीमा मासिक ५ हजार पनि उडेका छैनन् ।

यसअघिका वर्षहरूमा उल्लेख्य कामदार जाने कतारमा गत आर्थिक वर्षमा अपेक्षित कम कामदार गएका छन् । समग्रमा १ लाख ३३ हजार २ सय ६२ जना गएको कतारमा म्यानपावर कम्पनीमार्फत ३३ हजार ६ सय २९ जनामात्र गएका छन् । जुनप्रति महिना २७ सयको हाराहारीमा रहेको छ ।

अर्को गन्तव्य मुलुक यूएईमा गत आर्थिक वर्ष ४३ हजार ७ सय ४० नयाँ र रिइन्ट्रीलगायतका प्रक्रियाबाट १ लाख १६ हजार १ सय ५९ »» पृष्ठ २ मा

### धेरै कामदार पठाउनेमा द रिभर, इन्टरनेशनल र नीलकमल

#### २५ म्यानपावरले कटाए दुई हजार जना

**काठमाडौं / मस–** गत आर्थिक वर्ष ८ सय ६७ म्यानपावर कम्पनीले विभिन्न मुलुकमा कामदार पठाएका छन् । त्यसमध्ये बत्तीसपुतली गौशालास्थित द रिभर ओभरसिज प्रा.लि.ले ५ हजार ३ सय १३ जना पुरुष र २ सय ३३ महिला गरी ५ हजार ५ सय ४६ जनालाई वैदेशिक रोजगारमा पठाएर गत बर्ष सबैभन्दा धेरै कामदार पठाउने पहिलो म्यानपावर कम्पनी बन्न सफल भएको छ ।

सूचीको दोस्रो नम्बरमा बालकुमारी, ललितपुरस्थित इन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि. रहेको छ । उक्त म्यानपावर कम्पनीले ४ हजार ८ सय १७ पुरुष र ५ सय १८ जना महिला गरी ५ हजार ३ सय ३५ जना पठाएको छ । सूचीको तेस्रो नम्बरमा सिनामंगलस्थित नीलकमल ह्युमन रिसोर्स प्रा.लि. रहेको छ । उक्त म्यानपावर कम्पनीले २ हजार ६ सय ८५ पुरुष र १ हजार ५ सय ५२ महिला गरी ४ हजार »» पृष्ठ २ मा

एमाले अडान

## 'सुन प्रकरणमा छुट्टै छानबिन नभइ हुँदैन'

**सत्तारुढ दलहरुले सबै घटनामा उच्चस्तरीय छानबिन समिति गठन गर्नु उचित नहुने बताइरहेका छन् । सरकारी अनुसन्धान टुंगोमा पुगेपछि मात्रै संसदले छानबिन समिति बनाउन सक्ने उनीहरुको तर्क छ ।**



गृहमन्त्रीमाथि प्रश्न र आशंका छ । उहाँ मातहतका निकायले उहाँमाथि छानबिन गर्न सक्दैनन् । त्यसैले उच्चस्तरीय छानबिन समिति गठन गर्नुपर्छ अनि मात्र संसद अगाडि बढ्छ ।

■ **महेश बर्तौला**
एमाले सचेतक

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, १५ साउन ।

नेकपा एमालेले तस्करीको झण्डै एक क्वीन्टल सुन प्रकरणको छानबिन गर्न उच्चस्तरीय समिति बनाउने प्रतिबद्धता नआएसम्म संसद चल्न नदिने अडान लिएपछि सोमबारको प्रतिनिधि सभा आजको बैठक बस्दै नबसी स्थगित भएको छ । अर्को बैठक मंगलबार दिउँसो १ बजेका लागि बोलाइएको छ ।

एमालेका सचेतक महेश बर्तौलाका अनुसार मंगलबारको बैठक पनि सुन तस्करीको विषयमा छानबिन गर्नका लागि तत्काल उच्चस्तरीय छानबिन समिति गठन गर्न सरकार तयार नभए चल्देन । छानबिन समिति गठन गरेपछि मात्रै संसद् चल्न दिनेमा आफ्नो पार्टी प्रष्ट रहेको उनी बताउँछन् । बर्तौला भन्छन्, 'गृहमन्त्रीमाथि प्रश्न र आशंका छ । उहाँ मातहतका निकायले उहाँमाथि छानबिन गर्न सक्दैनन् । त्यसैले उच्चस्तरीय छानबिन समिति गठन गर्नुपर्छ अनि मात्र संसद् अगाडि बढ्छ ।'

एमालेलगायतका दलका नेताहरूसँग छलफल गरेपछि सभामुख देवराज घिमिरेले नयाँ वानेश्वरस्थित संसद् भवनमै उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठसँग समेत छलफल गरे । »» पृष्ठ २ मा

# सम्सीका लेखापाल र कोटहीमाईका इन्जिनियरविरुद्ध भ्रष्टाचार मुद्दा

**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले महोत्तरीको सम्सी गाउँपालिकाका लेखापाल रौशन कुमार राउतविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। अख्तियारले राउतविरुद्ध घुस लिएर भ्रष्टाचार गरेको आरोपमा सोमबार विशेष अदालतमा मुद्दा दायर गरेको हो।



यसअघि अख्तियार बर्दिबासको टोलीले राउतलाई १ लाख २५ हजार रुपैयाँ घुस रकमसहित पक्राउ गरेको थियो। राउतले कोभिड-१९ सम्बन्धी जनचेतनामूलक तालिम कार्यक्रमको भुक्तानी प्रयोजनको लागि सेवाग्राहीसँग १ लाख २५ हजार रुपैयाँ घुस लिएको पुष्टि भएकाले उनीविरुद्ध मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिए।

राउतविरुद्ध १ लाख २५ हजार रुपैयाँ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) देहाय (घ) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना सजायसमेत हुन मागदाबी लिइएको प्रवक्ता दाहालले बताए।

यस्तै अख्तियारले रुपन्देहीको कोटहीमाई गाउँपालिकाका इन्जिनियर (करार) अरविन्द कुमार यादवविरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर गरेको छ। अख्तियारले यादवविरुद्ध घुस लिएर भ्रष्टाचार गरेको आरोपमा सोमबार विशेष अदालतमा मुद्दा दायर गरेको हो।

यसअघि अख्तियार बुटवलको टोलीले यादवलाई ४५ हजार रुपैयाँ घुस रकमसहित पक्राउ गरेको थियो। यादवले कोटहीमाई गाउँपालिका वडा नं. ७ अन्तर्गतको सडक पि.सि.सि. ढलान र ग्राभेल गर्नका लागि कोटेशनमार्फत काम गरी भुक्तानी गर्ने क्रममा सेवाग्राहीसँग ४५ हजार रुपैयाँ घुस लिएको पुष्टि भएकाले उनीविरुद्ध मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता दाहालले जानकारी दिए। यादवविरुद्ध ४५ हजार रुपैयाँ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिम जरिवाना र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम कैद सजाय हुन मागदाबी लिइएको प्रवक्ता दाहालले बताए।

## लम्पी स्किन रोग नियन्त्रणका लागि अभियान शुरु

**रामएकवाल राम/मध्यान्ह**
लहान, १५ साउन

सिरहाको सखुवानन्कारकट्टी गाउँपालिकाले लम्पी स्किन रोग नियन्त्रणको लागि खोप अभियान सुरुवात गरेको छ।

सोमबार जनप्रतिनिधि र पशु डाक्टरसहितको टोलीले अनुगमनसँगै गाउँपालिकाको वडा नम्बर ५ बाट उक्त अभियानको शुरु गरेको हो। पालिकाभित्रका विभिन्न स्थानमा गाई, गोरु र भैँसीमा यो संक्रमण देखिन थालेकाले खोप अभियानकै रुपमा अभियान सञ्चालन गरिएको गाउँपालिका अध्यक्ष केदारनाथ यादवले जानकारी दिए।

अध्यक्ष यादवका अनुसार अभियान अन्तर्गत रोगी पशुलाई निःशुल्क उपचार र निरोगी पशुलाई खोप लगाएर अभियान शुभारम्भ गरिएको हो।

लम्पी स्किन संक्रमण भइसकेका गाई गोरुबाट संक्रमण थप फैलिन सक्ने भएकाले संक्रमण नभएका गाई गोरुलाई अलग राख्न



पशु शाखा प्रमुख रामअधीन यादवले किसानलाई सुझाव दिए। पक्स समूहको काप्रीपक्स भाइरसबाट संक्रमण हुने यो रोगबाट गाई, गोरु, भैँसी लगायतका पशुहरुमा संक्रमण देखा परेको उनको भनाइ छ।

लम्पी स्किन रोग नियन्त्रणका लागि सखुवानन्कारकट्टी गाउँपालिकले सक्दो पहल गरिरहेको अभियानका संयोजक रहमुल साफिले बताए। कृषकको घर आँगनमै तथा पशु प्राविधिकको टोली लिएर उपचार गराउने कार्यको थालनी वडा नं. ५ बाट शुरु गरेको भन्दै क्रमशः वडा ४,३,२ र १ मा आफुसहित पशु प्राविधिहरु जाने र औषधी व्यवस्थापनदेखि आफ्नो तर्फबाट गर्ने सहयोग र उपचारमा कुनै कमी नहुने उनको भनाइ छ।

### डोम...

आएको परिवर्तनको अनुभूति गर्न पाएको छैन। सिमान्तकृत समुदायलाई राज्यसत्तामा पहुँच स्थापित गर्ने वाचासहितको जनआन्दोलनले मुलुकमा गणतन्त्र ल्याएको दुई दशक हुन लाग्यो। समावेशी प्रतिनिधित्वको ग्यारेन्टी गर्दै संविधान जारी भएको एक दशक हुन लग्यो। तर मधेश प्रदेशका डोम समुदायको दर्द उस्तै छ। विद्यालय बाहिर रहेका बालबालिको भविष्य अन्धकारमय छ।

### चुनावी...

उल्लेख गरेका छन्। रिट निवेदनमा आयोगबाट आफूलाई १५ हजार रुपैयाँ जरिवाना गरेको निर्णय, उक्त निर्णय बमोजिम प्रकाशित सूचना समेतका काम कारबाहीहरू गैरकानुनी भएकाले उक्त निर्णय एवं पत्राचार समेतका कार्य प्रथम दृष्टिमा नै बदरभागी रहेको हुँदा उत्प्रेषणको आदेशले बदर गर्न माग गरिएको छ।

यही साउन १ गते निर्वाचन आयोगले गएको प्रदेश र संघीय चुनावमा २ हजार ४ सय बढी उम्मेदवारले चुनावी खर्च विवरण नबुझाएको भन्दै प्रत्येकलाई १५ हजारका दरले जरिवाना हुने ठहर गरेको थियो। आयोगले विज्ञप्ती निकालेर १ हजार ३७ जना प्रतिनिधि सभा सदस्यका उम्मेदवार र १ हजार ३ सय ९८ जना प्रदेश सभा सदस्यका गरी २ हजार ४ सय ३५ जना उम्मेदवारहरुले हालसम्म चुनावी खर्च विवरण सार्वजनिक नगरेको भन्दै जरिवाना हुने निर्णय गरको थियो।

### गत...

जना गएका छन्। कुवेतमा ७ हजार ९ सय १ महिलासहित २८ हजार ९ सय ४२ जना नयाँ कामदार गएका छन्। सबै प्रक्रियाबाट कुवेत जानेको संख्या ४३ हजार ५ सय ७ जना रहेको छ।

खाडी र मलेसियापछि युरोपेली मुलुक रोमानिया, मरिसस, ओमान, बहराइन, माल्दिभ्स, मकाउ, जोर्डन, इजरायल, क्रोएसिया, साइप्रस, ब्रुनाई, अल्वानिया, उजवेकिस्तानमा संस्थागतरूपमा नेपाली कामदार गएका छन्। सबै प्रक्रियाबाट गत आर्थिक वर्ष ७ लाख ७१ हजार ३ सय १७ जना नेपाली कामका लागि विदेशिएका छन्।

### धेरै ...

२ सय ३७ जना पठाएको छ। महिला कामदार धेरै पठाउनेमा निलकमल ह्युमन रिसोर्स प्रा.लि. सूचीको शीर्ष स्थानमा रहेको छ।

चौथो नम्बरमा रहेको वाइडस्पेस इन्टरनेशनल प्रा.लि.ले ३ हजार ९ सय ७९, पाँचौंमा रहेको मोन्टेज ओभरसिज प्रा.लि.ले ३ हजार ६ सय ४९, छैटौंमा रहेको एक्सेस पाट्नर्स प्रा.लि.ले ३ हजार ५ सय ६४, सातौंमा रहेको एसओएस म्यानपावर सर्भिस प्रा.लि.ले ३ हजार ४ सय ५७, आठौंमा रहेको मेरिडियन ओभरसिज प्रा.लि.ले ३ हजार ३ सय ७८ तथा नवौंमा रहेको मास ह्युमन रिसोर्स प्रा.लि.ले ३ हजार १ सय ७९ जनालाई वैदेशिक रोजगारमा पठाएका छन्।

यस्तै दशौं स्थानमा रहेको फ्रन्टलाइन रिक्रुटमेन्ट प्रा.लि.ले २ हजार ९ सय ७३, एघारौंमा रहेको ओमेगा इन्टरनेशनल प्रा.लि.ले २ हजार ७ सय ७७, बाह्रौंमा रहेको साउण्डलाइन्स रिक्रुटमेन्ट प्रा.लि.ले २ हजार ७ सय २, तेह्रौंमा रहेको लक्की एचआर सोलुसन प्रा.लि.ले २ हजार ५ सय ४६, चौधौंमा रहेको बिएस ओभरसिज प्रा.लि.ले २ हजार ५ सय २४, पन्ध्रौंमा रहेको एयरकिंग्स प्लेसमेन्ट प्रा.लि.ले २ हजार ४ सय ४६ र सोह्रौंमा मुस्कान ओभरसिज प्रा.लि.ले २ हजार ४ सय १ जनालाई वैदेशिक रोजगारमा पठाएका छन्।

सूचीको सत्रौंमा लिंक इन्टरनेशनल प्लेसमेन्ट सर्भिस प्रा.लि.ले २ हजार ३ सय ९१, अठारौंमा रहेको दित्या इन्टरनेशनल प्रा.लि.ले २ हजार ३ सय १०, उन्नाइसौंमा रहेको पाल्ही ओभरसिज प्रा.लि.ले २ हजार ३ सय १ जना र बीसौंमा रहेको ट्रष्ट नेपाल ओभससिज प्रा.लि.ले २ हजार २ सय ३६ जनालाई वैदेशिक रोजगारमा पठाएका छन्।

सूचीको पन्ध्रौं नम्बरमा रहेको ललितपुरस्थित एयरकिङ प्लेसमेन्ट प्रा.लि. १ हजार ५३ जना महिला पठाएर महिला कामदार धेरै पठाउनेमा दोस्रो नम्बरमा रहेको छ। धेरै महिला कामदार पठाउने सूचीको तेस्रो नम्बरमा सिनामंगलस्थित सपोर्ट ह्युमन रिसोर्स प्रा.लि.ले रहेको छ। उसले ७ सय ४९ जना महिला कामदार वैदेशिक रोजगारमा पठाएको छ।

### एमाले...

साउन ३ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भन्सार पास भएर भित्रिएपछि राजस्व अनुसन्धान विभागले स्कुटरको ब्रेक शुमा प्याक गरिएको सुन बरामद गरेको थियो। उक्त सुनको परिमाण झण्डै एक क्विन्टल रहेको बताइएको छ।

यस विषयमा छुट्टै छानबिनको माग गर्दै साउन १० मा पनि एमालेले संसद् बैठक अवरुद्ध गरेको थियो। सोमबार पनि एमालेले संसद बैठक अगाडि पुरानै अडान राखेपछि बस्दै नबसी स्थगित भयो।

संसदको अवरोध खोल्ने विषयमा सोमबार प्रधानमन्त्री तथा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीबीच प्रधानमन्त्री निवास बालुवाटारमा भेटवार्ता पनि भएको थियो।

प्रधानमन्त्री प्रचण्डले नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखक, नेकपा माओवादी केन्द्रका मुख्य सचेतक हितराज पाण्डे र राष्ट्रिय स्वतन्त्र पाटीका प्रमुख सचेतक सन्तोष परियारसँग पनि छलफल गरे। भेटमा प्रधानमन्त्री संसदको अवरोध खुलाउने र सरकारले अगाडि बढाएका महत्वपूर्ण विधेयक अगाडि बढाउने विषयमा सकारात्मक भइदिन आग्रह गरेका थिए।

राजस्व अनुसन्धान विभागले त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट बाहिरिएको एक क्वीन्टल सुन बरामद गरेको थियो। उच्च तहको संलग्नताविना विमानस्थलबाट सुन तस्करी हुन नसक्ने भन्दै एमालेले यो विषयमा उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठमाथि पनि प्रश्न उठाउँदै उच्च स्तरीय छानबिन समिति गठन हुनुपर्ने माग गर्दै आएको छ। सुन तस्करी प्रकरणमा सरकारको जवाफ सुन्नु भन्दा पहिले समिति गठन हुनुपर्ने एमालेको अडान छ।

सत्तारुढ दलहरुले भने सबै घटनामा उच्चस्तरीय छानबिन समिति गठन गर्नु उचित नहुने बताइरहेका छन्। सरकारी अनुसन्धान टुंगोमा पुगेपछि मात्रै संसदले छानबिन समिति बनाउन सक्ने उनीहरुको तर्क छ।


## लम्पी स्किन सम्बन्धी जनहितमा जारी सन्देश

- यो एक प्रकारको भाइरस (पक्स समूहको काप्रीपक्स भाइरस)बाट गाईभैंसीमा लाग्ने रोग हो। यो रोग भैंसीहरुमा भन्दा गाईहरुमा बढी देखिन्छ।
- पहिला अफ्रिकामा सीमित यो रोग सन् २०१२ पछि मध्य पूर्व, दक्षिण युरोप, रसिया, काजकिस्तान हुँदै बंगलादेश र भारतमा पनि केही महिना अगाडि देखा परेको थियो।
- अहिले नेपालको मोरङ, झापालगायतका पूर्वी क्षेत्रमा यो रोगको लक्षण देखिइ सयौं गाईहरु बिरामी परेको र केही मरेको जानकारी आइरहेको हुँदा सतर्कता अपनाऔं।

### मुख्य लक्षणहरू:

- कचेरा निकाल्ने, सिंगान बग्ने तथा फिंज धेरै निकाल्ने
- शरीरका विभिन्न भागहरुमा विशेष गरी घाँटी, पछाडिको खुट्टाहरुमा, पेट र थुन वरिपरि सानादेखि ठूला गिर्खाहरु देखिने
- उच्च (१०४ फरेनहाइट वा माथि) ज्वरो आउने
- दुध उत्पादन २५-८०% सम्म घट्न सक्ने
- गर्भ तुहिने तथा बाँझोपना देखिन सक्ने
- मृत्युदर कम भए पनि धेरै पशुहरु (५-४५%) बिरामी हुन सक्ने

### रोग सर्ने मुख्य कारणहरु

- लामखुट्टे, झिंगा, किर्ना आदिको टोकाईबाट
- संक्रमित गाईभैंसीको ओसार पसार र लसपसबाट
- संक्रमित गाईभैंसी र स्वस्थ गाईभैंसीलाई उपचारको क्रममा एउटै सुई प्रयोग गरेमा

### उपचार तथा रोकथाम

- ठोस उपचार छैन।
- प्राविधिकको सल्लाहमा लक्षण अनुसारको उपचार।
- खोप (नेपालमा हालसम्म उपलब्ध छैन।)
- संकमित क्षेत्रबाट गाईभैंसीको ओसारपसार नियन्त्रण।
- लामखुट्टे, भिंगा, किर्ना आदिको नियन्त्रण र गोठ वरिपरिको वातावरण सफा राख्ने।



**चैनपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**चैनपुर, संखुवासभा**
**कोशी प्रदेश, नेपाल**



## साउदीमा वैदेशिक रोजगार अवसर

कम्पनी: FOUR THOUSAND FIVE HUNDRED TRADING EST — शहर: Saudi Arabia, Riyadh
पुर्व स्वीकृत मितिः २०८०/०३/२९ — चलानी नं.: ६०२०४६१२ — L.T. No.: 289327 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Workers | 1 | 0 | स. काममा दक्ष | 1400 | ४९,०१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन २३ गते (8 August 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

3 Brothers Human Resource Pvt. Ltd.
श्रम इजाजत पत्र नं. ७१३/०६४/०६५

**थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.**
बत्तिसपुतली-९, काठमाडौं, फोन नं. ४५६५३९४, ४५६५४९४, मो. : ९८२३३२३५७७
E-mail: threebrothershrrec@gmail.com



## Kuwait मा रोजगार | कम्पनी : NESTO HYPERMARKET COMPANY WLL

पूर्व स्वीकृत मितिः २०७९/१२/०२ — चलानी नं.: ६०१९८२१९ — L.T. No.: 282823 — पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | WAREHOUSE WORKER | 0 | 30 | स. काममा दक्ष | 120 | ५१,३५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

## साउदीमा रोजगार | कम्पनी : ALYOUM CLEANING AND MAINTENANCE COMPANY

शहर:SAUDI
पूर्व स्वीकृत मितिः २०८०/०३/१३ — चलानी नं.: ६०२०४०११ — L.T. No.: 288439 — पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 20 | 0 | स. काममा दक्ष | 1000 | ३५,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन २३ गते (8 August 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२, ९८०५८६५१९३



## KUWAIT मा वैदेशिक रोजगारको अवसर

कम्पनी: AL-RAED SECURITY CO. — शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०८०/०४/१५ — चलानी नं.: ६०२०५४५८ — LT. No.: 290254

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Gurad | 60 | 0 | स. काममा दक्ष | 125 | ५३,४९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन २३ गते (8 August 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Govt Lic. NO. 647/063/064

**SHARON MANPOWER SERVICES PVT. LTD.**
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com



**दुहुँ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**हिकिला, दार्चुला**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

## कार्यालय सामान तथा मसलन्द खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०४/१६**

यस कार्यालयलाई आवश्यक पर्ने तपसिल बमोजिमका सामानहरु आपुर्ति गर्नु पर्ने भएको हुँदा ईच्छुक आपुर्तिकर्ताहरुबाट निम्न सर्तहरुको अधीनमा रही सिलवन्दी दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

१. गत आ.व. मा नवीकरण सहितको इजाजत पत्र, करचुक्ता प्रमाणपत्र, आय कर मु. अ. करमा दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी रु. १,००० कार्यालयमा राजश्व नगदै तिरेको रसिद वा यस कार्यालयको नेपाल इन्भेष्टमेन्ट मेगा बैङ्क हिकिला शाखामा रहेको राजश्व खाता नं ०७८०१४००२५००४७ मा नगद जम्मा गरेको बैङ्क भौचर सहित निवेदन पेश गरी दरभाउपत्र खरिद गर्नु पर्नेछ।

२. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्ममा कार्यालय समयभित्र दरभाउपत्र फारम खरिद गरी १६ औं दिनको दिउँसो १२ बजे भित्र यस कार्यालयमा पेश गरि सक्नु पर्नेछ। तर सो दिन सार्वजनिक विदा परेमा सम्पुर्ण कार्यहरु सो को भोलिपल्ट साविक समयमै पेश गर्नु पर्नेछ।

३. सिलवन्दी दरभाउपत्र फारम पेश गर्दा पत्रदाताको ग्राह्यता सम्बन्धी आधार प्रमाणित गर्ने सम्पुर्ण कागजातहरुको प्रमाणित प्रतिलिपि समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

४. यसरी दर्ता हुन आएका दरभाउपत्र १६ औं दिनको अपरान्ह २ बजे कार्यालयको प्रतिनिधिहरु र दरभाउपत्रदाताहरुको रहोवरमा खोलिनेछ तर दरभाउपत्रदाताहरु अनुपस्थित रहेमा पनि कार्यालयलाई दरभाउपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन सार्वजनिक विदा परेमा भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा दरभाउपत्र खोलिनेछ।

५. सिलवन्दी दरभाउपत्र पेश गर्नेले धरौटी रकम वाफत यस कार्यालयको नाममा नेपाल इन्भेष्टमेन्ट मेगा बैङ्क हिकिला शाखामा रहेको ग ३.१ दुहुँ गाउँपालिका धरौटी खाता नं ०७८०१४००२५००३० मा नाम उल्लेख गरी दाखिला गरेको सक्कलै बैंक भौचर वायस कार्यालयको नाममा नेपाल सरकारबाट मायता प्राप्त बैंकबाट ७५ दिनको मान्य आवधि रहने गरी जारी भएको बैंक जमानत पेश गर्नु पर्नेछ।

६. सिलवन्दी दरभाउपत्रमा उल्लेखित परिमाणको सामग्री आपुर्तिकर्ताले कार्यालयसम्म ढुवानी गर्नु पर्नेछ।

७. कबोल अंक उल्लेख गर्दा तोकिए बमोजिम उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

८. कुनै सर्त राखी पेश गरिएको सिलवन्दी दरभाउपत्र स्वीकार गर्ने वा नगर्ने सम्पुर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ। साथै दरभापत्र स्वीकृत भए पश्चात पनि कार्यालयले आवश्यक सामग्री पूर्ण वा आंशिक रुपमा थपघट गर्न सक्नेछ।

९. सूचनाको सर्त विपरित भएको, कार्यालयबाट उपलब्ध गराएको दरभाउपत्र फारममा कुनै थपघट गरिएको, रीत नपुगको, म्याद नाघी पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन।

१०. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम हुने र अन्यको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम हुनेछ।

११. खरिद गरिने सामग्रीहरुको आपुर्तिको प्राविधिक स्पेशिफिकेसन सम्बन्धी विवरण बिड डकुमेन्टमा संलग्न राखिनेछ।

१२. दरभाउपत्र सम्बन्धी विवरण

| दरभाउ पत्र नं | कामको बिवरण | मु.अ.कर बाहेक रु | धरौटि रकम रु |
|---|---|---|---|
| १-२०८०/०८१ | कार्यालय सामान तथा मसलन्द सामग्री खरिद | १७,६९,३२५ | ४५,०००/- |

**प्रमुख प्रशासकीय अधिकृत**

# अव्यवस्थित पार्किङले बहादुरगञ्ज चोक कुरुप बन्दै

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, १५ साउन

कपिलवस्तुको कृष्णनगर नगरपालिकाको चर्चित साप्ताहिक बजार बहादुरगञ्जमा दिनहुँ मानिसहरुको चहलपहल बढ्दै गएको छ । अहिले बहादुरगञ्ज बजारमा मानिसको अत्यधिक चापले सवारी साधनको व्यवस्थापनमा समस्या भएको छ । जतातत‍ै सवारी साधन पार्किङले सडक बजार साँघुरो हुँदा दुर्घटनाको सम्भावना पनि बढेको छ ।



अव्यवस्थित पार्किङले सडक दुर्घटना हुने जोखिम बढेको तथा बजारको सौन्दर्यता नै कुरुप देखिएको स्थानीयले बताएका छन् । व्यवस्थित पार्किङ स्थल नहुँदा बहादुरगञ्ज बजार अस्तव्यस्त र अशोभनीय भएको स्थानीयहरु बताउँछन् । सडकमै अटो-रिक्सा र बसको पार्किङले आवतजावतमा समस्या भएको उनीहरुको गुनासो छ ।

सडकमै जथाभावी गाडी पार्किङ गर्दा चोकमा ट्राफिक जाम समेत हुने गरेको छ । हुलाकी सडक बनेपछि लामो सवारी साधनको आवतजावत बढेको छ । तर चन्द्रौटा-कृष्णनगर सडकखण्ड र तौलिहवा सडकमा मोटरसाइकल, साइकल र अटो-रिक्सा अव्यवस्थितरुपमा पार्किङ गर्दा तथा मुख्य चोकमै बसले यात्रु झार्ने र चढाउने गरेकाले दुर्घटना बढ्ने सम्भावना रहेको छ ।

ट्राफिक प्रहरीले पनि उक्त चोकलाई व्यवस्थित बनाउन खासै चासो देखाएको छैन । हुलाकी सडकको ढल अहिलेसम्म व्यवस्थापन नहुँदा पनि सडकमा आवतजावत गर्नेलाई समयस्या परेको छ । यता उचित जनशक्ति नहुँदा नगर प्रहरी अहिले कृष्णनगरमा मात्रै केन्द्रित रहेर काम गरिरहेको छ । साथै इलाका प्रहरी कार्यालय बहादुरगञ्जको पनि चोक व्यवस्थापनमा ध्यान नपुगेको सर्वसाधरणको गुनासो छ । बहादुरगञ्ज चोक व्यवस्थापनका लागि अहिलेसम्म जनप्रतिनिधिहरुको पनि ध्यान पुगेको छैन । बहादुरगञ्ज चोक स्वास्थ्य सेवा केन्द्र, शिवराज अस्पताल जाने सेवाग्राही र राम गोरखा माध्यमिक विद्यालय जाने हजारौं विद्यार्थीहरुको आवतजावत गर्ने मुख्य बाटो भएता पनि नगरले खासै चासो नदिएको स्थानीयको भनाइ छ ।

# जनमत पार्टीद्वारा राजदेवी नगरपालिकासँग विभिन्न सूचना माग

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, १५ साउन

जनमत पार्टीले राजदेवी नगरपालिकाको कार्यालयमा सूचनाको हकअन्तर्गत विभिन्न सूचना माग गर्दै निवेदन दर्ता गराएको छ । सूचना अधिकारी राजदेवी नगरपालिकाको कार्यालयलाई सम्बोधन गरिएको सो निवेदनमा विभिन्न १४ वटा सूचना माग गरिएको छ । राजदेवी नगरपालिका वडा नं १ घर भएका जनमत पार्टीका केन्द्रीय सदस्य विकास कुमार यादवले निवेदन दर्ता गराउँदै नेपालको संविधानको धारा २७ तथा सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ३ र ७ अनुसार सूचना तथा जानकारीको प्रमाणित प्रतिलिपि उपलब्ध गराउन माग गरेका छन् ।



केन्द्रीय सदस्य यादवले आ.व २०७९-२०८० को नगरपालिकामा ससर्त अनुदान, वित्तीय समानीकरण, समपुरक अनुदान, विशेष अनुदान र राजस्व समेतको बजेटको विवरण, आ.व २०७९-२०८० को कृषिसम्बन्धी नगरपालिकामा रहेका सम्पूर्ण बजेट विनियोजन र सञ्चालन भएका कार्यक्रमको सम्झौता, स्टिमेन्ट र निर्माणको प्रमाणित प्रतिलिपि, आ.व २०७९-२०८० मा शिक्षा क्षेत्रमा भएको रकम विनियोजनको विवरण तथा उपलब्धिहरु, आ.व २०७९-२०८० को नगरपालिकामा स्वास्थ्यतर्फ के कति औषधि खरिद भएको हो र के कति बजेट खर्च भएको सो को विवरण, आ.व २०८९-२०८० मा खेलकुदतर्फ के कति बजेट खर्च भएको सोको विवरण, नगरपालिकामा रहेका स्थायी, अस्थायी र करारमा रहेका कर्मचारीहरुको विवरणका साथै नियुक्ति पत्र, हाजिरी रजिष्ट्रारको प्रतिलिपि तलबको विवरण र २०७९-२०८० को कार्यपालिका बैठकहरुको निर्णयको प्रतिलिपि माग गरेका छन् ।

यादवले अहिलेसम्मको पदपूर्ति समितिको निर्णय र छनोट प्रक्रियाको प्रतिलिपि, २०७९-२०८० र २०८०-२०८१ को नगर सभाको निर्णयको प्रतिलिपि, आ.व २०७९-२०८० को जनप्रतिनिधि तथा कर्मचारीहरुको सुविधा र डिजल, पेट्रोल, मोबिल के कति खर्च भएको सोको विवरण, नगरपालिकामा जिन्सी शाखा अन्तर्गत के कति जिन्सी रहेको र चार चक्का, एम्बुलेन्स, सेप्टीट्यांकी सरसफाइ, जेसीबी, टिपर, मोटरसाइकलसमेतको मर्मत खर्चको विवरण, नगरपालिकामा रहेका सवारी साधन कुन कुन तहका कर्मचारीले र जनप्रतिनिधिहरूको जिम्मामा रहेको हो सोको विवरण, आ.व २०७९-२०८० मा नगरपालिकाबाट के कति कुन-कुन व्यक्ति वा संस्थाहरूलाई आर्थिक सहयोग वितरण भएको सोको विवरण, आ.व २०७९-२०८० मा नगरपालिकामा चल्ती खाताको बैंक स्टेटमेन्टको विवरण माग गरेका छन् ।

उनले सूचनाको प्रतिलिपि छिटो भन्दा छिटो उपलब्ध गराउन अनुरोध गर्दै उल्लेखित सूचना उपलब्ध गराउँदा लाग्ने कानूनबमोजिमको शुल्क बुझाउन तयार रहेको बताएका छन् ।

# पत्रकार पोखरेललाई असई महतोले गरे कुटपिट

**सप्तरी/मस–** प्रहरी सहायक निरीक्षक राजेश्वर महतोले पत्रकार तथा मानवअधिकारकर्मी मनोहर पोखरेललाई जिल्ला प्रहरी कार्यालय राजविराजको परिसरमा कुटपिट गरेका छन् । समाचार संकलनका क्रममा आवश्यक सूचना लिन सोमबार जिल्ला प्रहरी कार्यालय पुगेका बेला आफूमाथि महतोले निर्घात कुटपिट गरेको अन्नपूर्ण पोस्टका सप्तरी संवाददाता पोखरेलले बताए ।



समाचारका लागि चाहिने आवश्यक सूचना दिन नमानेपछि परेको विवादमा एक्कासी असई महतोले कुटपिट गर्दा शरीरको संवेदनशील अंग तथा अनुहारमा चोटपटक लागेको उनले बताए । कुटपिटबाट घाइते पोखरेलको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा उपचार भइरहेको छ ।

पत्रकार पोखरेलले तथ्यांक माग गर्दा उनले फुर्सद छैन भन्दै विवाद गरेको र अपशब्द बोल्दै कुटपिट गर्न थालेको प्रत्यक्षदर्शीहरुले बताएका छन् । घटनालगत्तै नेपाल पत्रकार महासंघ सप्तरी शाखाका सचिव रामनारायण विश्वास नेतृत्वको टोलीले कार्यालय प्रमुख प्रहरी उपरीक्षक नरेन्द्र कुमार कार्कीसँग भेटेर यस विषयमा छलफल गरेको छ । छलफलका क्रममा प्रहरी उपरीक्षक कार्कीले तीन दिनभित्र आरोपित असईलाई कारबाही गर्ने प्रतिबद्धता व्यक्त गरेको विश्वासले जानकारी दिए ।

मुस्कानसहितको सेवा दिने नेपाल प्रहरीबाट समाचार संकलनका क्रममा रहेका पत्रकारमाथि कुटपिट हुनु दुर्भाग्यपूर्ण भएको महासंघ सप्तरीले जनाएको छ ।यता घटनाबारे जानकारी पाएपछि प्रेस चौतारी नेपाल शाखा सप्तरीले दोषीलाई कडा कारबाही गर्न माग गरेको छ । प्रेस चौतारी शाखा सप्तरीका अध्यक्ष डम्बर राईले सप्तरी प्रहरीबाट भएको निन्दनीय कार्यको भर्त्सना गरेका छन् ।

यसअघि आइतबार सप्तरीका प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाले पत्रकार मनोज माझीलाई दुर्व्यवहार गरेको सार्वजनिक भएको थियो । उक्त दुर्व्यवहारको सम्बन्धमा सोमबार उनले माझीसँग माफी पनि मागेका छन् ।

पोखरेल सप्तरीलाई कार्यक्षेत्र बनाएर विगत ३ दशकदेखि पत्रकारिता गर्दै आएका छन् । प्रेस चौतारी नेपालका पूर्वकेन्द्रीय उपाध्यक्ष भइसकेका उनी नेपाल पत्रकार महासंघ सप्तरीका वर्तमान सल्लाहकार सदस्य हुन् । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सप्तरीका प्रतिनिधिसमेत रहेका पोखरेल मानवअधिकारको क्षेत्रमा क्रियाशील रहेका छन् ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०६४/०८/०३ मा दर्ता भएको **प्रा.लि. नं. ४९१४४** को **हडसन ओभरसिज ट्रेड प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०४/१५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०६७/१२/०७ मा दर्ता भएको **प्रा.लि. नं. ८१७०८** को **पोल्का डट्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०२/०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**
कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०६/१९ मा दर्ता भएको **प्रा.लि. नं. २७४५४२** को **कालापानी न्युज नेटवर्क प्रा.लि.**को मिति २०८०/०२/२४ गतेमा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९७४६४९१७१३, ईमेल :** rokayasherbahadur723@gmail.com

**कुमारी बैंक लिमिटेड शाखा कार्यालय नारायणटार, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना**
(प्रकाशित मिति २०८०/०४/१६ गते मध्यान्ह दैनिक)
यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय नारायणटार, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ ।

तपसिल

**ऋणीहरुको विवरण:**
१. चन्द्र बहादुर पाण्डेको नाती, बुद्धि बहादुर पाण्डे/चमेली देवी पाण्डेको छोरा, कल्पना पाण्डे (गुरुङ) को पति कास्की जिल्ला, पोखरा न.पा. वडा नं. ०१ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १६ बस्ने **दीनु प्रताप पाण्डे** (ना.प्र.नं. ६०९६, जारी मिति २०४९/१२/१२, जिल्ला प्रशासन कार्यालय कास्की) ।
२. पार सिंह गुरुङको नातिनी, सिहराज गुरुङ/दिल कुमारी गुरुङको छोरी, बुद्धि बहादुर पाण्डेको बुहारी, दीनु प्रताप पाण्डेको पत्नी, काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १६ बस्ने **कल्पना पाण्डे (गुरुङ)** (ना.प्र.नं. १०६०/५३५५३, जारी मिति २०६६/१२/१९, जिल्ला प्रशासन कार्यालय काठमाण्डौं) ।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण :**
१. चन्द्र बहादुर पाण्डेको नाती, बुद्धि बहादुर पाण्डे/चमेली देवी पाण्डेको छोरा, कल्पना पाण्डे (गुरुङ) को पति कास्की जिल्ला, पोखरा न.पा. वडा नं. ०१ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १६ बस्ने **दीनु प्रताप पाण्डे** (ना.प्र.नं. ६०९६, जारी मिति २०४९/१२/१२, जिल्ला प्रशासन कार्यालय कास्की) ।
२. पार सिंह गुरुङको नातिनी, सिहराज गुरुङ/दिल कुमारी गुरुङको छोरी, बुद्धि बहादुर पाण्डेको बुहारी, दीनु प्रताप पाण्डेको पत्नी, काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १६ बस्ने **कल्पना पाण्डे (गुरुङ)** (ना.प्र.नं. १०६०/५३५५३, जारी मिति २०६६/१२/१९, जिल्ला प्रशासन कार्यालय काठमाण्डौं) ।

**धितो सुरक्षणको विवरण:**
१. **कल्पना पाण्डे (गुरुङ)**को नाममा मालपोत कार्यालय भैरहवामा दर्ता कायम रहेको रुपन्देही जिल्ला, हर्नेया गा.वि.स. वडा नं. १/क स्थित कित्ता नं. ७४२, ३०, २८, ७८१ र ७८२ को क्षेत्रफल क्रमश: ०-१-१.२५-०, ०-४-५-०, ०-०-६-०, ०-१-१.२५-०, र ०-२-२.५-० (बिगाह)को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **कल्पना पाण्डे (गुरुङ)**को नाममा मालपोत कार्यालय भैरहवामा दर्ता कायम रहेको रुपन्देही जिल्ला, आ.अमवा गा.वि.स. वडा नं. ५/ख स्थित कित्ता नं. ६५५, ५७४, ५७५, ३९८, १७६, १९७ र ४१३ को क्षेत्रफल क्रमश २-२-१-०, ०-०-५.५-०, ०-०-५.५-०, ०-०-१५-०, ०-४-१४-०, ०-०-७-० र ०-२-१६-० (बिगाह)को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय नारायणटार, काठमाण्डौ फोन नं. ०१-४९११२८०/४९११२८१

**कतारमा रोजगार** | कम्पनी : THE COFFEE BEAN & TEA LEAF
शहर : DOHA
पूर्व स्वीकृत मिति: २०८०/०४/१५ चलानी नं.: ६०२०५४१९ LT. No.:290122

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | waiter | 20 | 2 | स. काममा दक्ष | 1400 | ५०,४५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन २३ गते (8 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

ईजाजत न.: ४०७/०६०/०६१
Seagull International Global H.R. Consultants Pvt. Ltd.
(Birad Associates Pvt. Ltd.)
Sukedhara-4, Kathmandu, Nepal | Tel : 014375822, 014375824, 984178115, 9851015421
E-mail: cm.seagull55@gmail.com

**मलेसियामा रोजगार** | कम्पनी : BL MOULDING SDN. BHD
शहर : Malaysia, Johor
पूर्व स्वीकृत मिति: २०८०/०४/१५ चलानी नं.: ६०२०५४३८ L.T. No.: 290182

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | स. काममा दक्ष | 1500 | ४३,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन २३ गते (8 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्न विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 865/066/067
RHYTHM OVERSEAS PVT. LTD.
Battisputali, Old Baneshwor, Kathmandu, Tel.: 4478824, 4478825
9851041625, 9808802926, 9804766695 Email.: info@rhythmoverseas.com.np, rhythmnepal@gmail.com

**ओमन र युएईमा वैदेशिक रोजगारको अवसर**
कम्पनी: : INTERNATIONAL FACILITIES MANAGEMENT शहर: OMAN
पूर्व स्वीकृत मिति: २०८०/०४/१५ चलानी नं.: ६०२०५४५६ L.T. No.: 290247

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Air Conditioning Mechanic | 5 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४१,०५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 15 | 12 | | 100 | ३४,२११ | | | | | | | |
| 3. | Sanitary Installation Worker | 5 | 0 | | 120 | ४१,०५३ | | | | | | | |
| 4. | Wiring Electrician | 20 | 0 | | 120 | ४१,०५३ | | | | | | | |

कम्पनी: ZEEDE ANAQH SALOON शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०४/१५ चलानी नं.: ६०२०५४३७ L.T. No.:290164

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manicurist | 0 | 1 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,९०० | क.नि.८ अनुसार | घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Massage Therapist | 0 | 1 | | 1200 | ४२,९०० | | | | | | | |
| 3. | Hairdresser | 0 | 2 | | 1200 | ४२,९०० | | | | | | | |

प्रि-अन्तर्वार्ता भइरहेको छ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन २३ गते (8 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ८३४/०६६/०६७
चाँदनी म्यानेजमेन्ट सर्भिसेज प्रा. लि.
Chandani Management Services Pvt.Ltd.
Basundhara-3, Kathmandu, Nepal, Phone No: 01-4955422, 4960522
Email: chandanimanpower@gmail.com/website: chandanimanpower.com

Vacancy Annoucement
A Reputed, pioneer and market leader in the field of Manpower Recruiting Business.
We Are Looking for the Following Positions:
Domestic Marketing Manager- 01
Pro (Male/Female) - 2 Male And 2 Female
Accountant - 01
WE'RE HIRING
Salary- Negotiable
All categories need to have a minimum 3 years experienced in the same field.
Gov. Lic. No. 1048/073/74
C.D. Human Resources Pvt. Ltd.
Kalimati Dol (Near Airport), Kathmandu, Tel.: 01-4486262 | Fax: 4486263.
Mob.: 9851005776 | Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np

JAPAN र KOREA मा काम गर्न जान लाग्नुभएको छ ?
यहाँ JAPAN र KOREA मा काम गर्न जाने नेपाली श्रमिकहरुका लागि विशेष दुईदिने ओरियन्टेशन क्लासका साथै मेडिकल जाँच पनि गरिन्छ ।
Kathmandu Orientation (P) Ltd.
Nippon Medical Center (P) Ltd.
नयाँ बसपार्क, माछापोखरी चोक, काठमाडौं
सम्पर्क: 01-4958923 / 01-4952044
मो: 9741818340 ( WhatsApp/Viber )

**साउदीमा रोजगार** SIXTY ONE MINUTES BEVERAGE SERVICE, RIYADH,
पुर्व स्विकृति मिति: २०८०।०४।१५ चलानी नं. ६०२०५४४१ LT No. 28940।

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब N. Rs. | ओभर टाइम सूबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सूबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 01 | काममा दक्ष | 1300 | 45639 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौंमा: २०८० साउन २३ गते (8 August 023) हुनेछ। लागत खर्च: १०,०००
वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला ।
Swastik Overseas Services Pvt. Ltd.
Basundhara-3, Kathmandu , Nepal, Lic No.: 505/061/62 Ph: 4987984, 4987986

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.oscegmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
१६ साउन २०८०, मंगलबार
1 August 2023, Tuesday

सम्पादकीय

## लेनदेनले बदनाम प्रणाली

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको अडानका कारण संघीय संसद चल्न सकेको छैन । एमालेले गृहमन्त्री नारायणकाजी श्रेष्ठको राजीनामा मागेर रोष्ट्रम घेराउ गरेपछि गएको १० साउनको प्रतिनिधिसभा बैठक स्थगित गरिएको थियो । त्यसदिन स्थगित बैठक सभामुख देवराज घिमिरेले सोमबार बोलाएका थिए । तर सोमबार पनि बैठक चल्न अवस्था नदेखिएपछि सूचना टाँसेर बैठक स्थगित भयो । संसदको अवरोध हटाउन आइतबार र सोमबार एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सम्वाद गरेका थिए । आइतबार एक्लाएक्लै र सोमबार नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा सहित नेताहरूको उपस्थितिमा संसद बैठक खोल्नेबारे छलफल भएको थियो । तर गएको २ साउनमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भन्सार पार गरिसकेको अवस्थामा एक क्विन्टल सुन बरामद भएपछि एमालेले गृहमन्त्री श्रेष्ठको राजीनामा मागिरहेका छन् ।

राजीनामाको विकल्पमा एमालेले उच्च स्तरीय छानबीन समितिमा जानुपर्ने तर्क गरिरहेको छ । तर एमालेको अडान पूरा गर्न सत्तारूढ तयार नहुँदा त्यसको असर संसदमा परिरहेको छ । सरकारी संयन्त्रले गृहमन्त्रीमाथि छानबीन गर्न नसक्ने तर्कसहित एमालेले संसद अवरोधसहित अडानमा छ । तर प्रधानमन्त्री प्रचण्डसहित सत्तारूढ नेताहरूले सम्वादकै माध्यमबाट संसद खोल्ने योजनामा देखिन्छन् । यसअघि पनि यस्तै शैलीले संसद अवरोध खुल्ने गरेकाले पनि प्रधानमन्त्री प्रचण्डले सम्वादलाई प्राथमिकतामा राखेको हुन सक्छ । सम्वादबाट राजनीतिक तिक्तता हल हुनु राम्रो पनि हो । तर हतारमा अडान, संसद अवरोध अनि सम्वादबाट समाधान खोज्ने प्रवृत्ति एकमात्र विकल्प भने होइन ।

प्रतिपक्षीको आवाजलाई सरकारले बेलैमा सम्बोधन गर्ने र प्रतिपक्षीले पनि संसद अवरोधलाई अन्तिम विकल्पका रूपमा उपयोग गर्नु राम्रो हो । तर दुवै पक्षले आवश्यक विवेक प्रयोग नगर्दाको असर नागरिकले खेप्नु परिरहेको छ । जस्तो– गएको २० असारमा एमालेले संसद अवरोध गऱ्यो । जसका कारणले मिटर ब्याज पीडितहरूको पक्षमा सरकारले ल्याएको अध्यादेश प्रतिस्थापन विधेयक पेश हुन सकेन । केही दिनभित्रै प्रधानमन्त्रीसँग सहमति गरेर संसदको अवरोध एमालेले हटायो । तर अध्यादेश प्रतिस्थापन विधेयकबारे फेरि अर्को प्रक्रिया अगाडि बढाउनु पऱ्यो । यस्तो असंगती र विवेक नपुगेका कयौं घटना छन्, त्यसैको निरन्तरता अहिले पनि भइरहेको छ । संसद् भने अवरोध गरिने र अमूक नेताहरूको सहमतिलाई प्रक्रिया पूरा गर्ने निकाय जस्तो देखिन पुगेको छ । अझ राजनीतिक नेतृत्वबीच कुनै अमूक लेनदेनबाट समस्या हल गरिने प्रवृत्ति छिप्न सकेको छैन । यस्तो प्रवृत्तिले विधिको शासन र लोकतान्त्रिक प्रणाली बलियो हुँदैन, नेतृत्वले यसबारे गम्भीर समीक्षा गर्न आवश्यक छ ।

# केन्द्रप्रति कर्णालीमा बढ्दो असन्तुष्टि

*यो देशमा विभेदमा पारिएका र शक्ति बाँडफाँटको सवालमा बिमुख पारिएका उत्पीडित क्षेत्र र वर्गलाई समान सहभागिताको मात्रै होइन विशेष राजनैतिक एवम् आर्थिक अधिकार दिइनुपर्छ । अनि मात्रै कर्णालीजस्ता क्षेत्रको स्थिति माथि उठ्न सक्दछ । यदि उही पुरानो केन्द्रीकृत सामन्ती व्यवस्था लाद्न खोज्ने हो भने त्यसले नयाँ विद्रोहको मात्रै शुरूवात गराउनेछ ।*

अग्रलेख



● गोरखबहादुर वि.सी.

मानव विकास, शास्त्रीय सान, सभ्यता, संस्कृति एवम् प्रथम मानव शासन मनु, एवम् सभ्यताको जननी कर्णालीको बारे जति लेखे पनि पुग्दैन । यति मात्रै होइन हिमवत् खण्डको केन्द्रबिन्दु तथा विश्वपतिले शासन गरेको कर्णाली आफैंमा विश्वकै निम्ति खोजीको केन्द्र हो । तर, यति महत्वपूर्ण भूमि कर्णाली राजनीतिक, आर्थिक र शासकीय उपस्थितिको हिसाबले भने निकै हेपिएको अवस्थामा छ । देश संघात्मक राज्य व्यवस्थामा गइसक्यो भनिन्छ । तर, संघीय मर्मअनुसार शासन व्यवस्था भने भएको देखिँदैन । केवल प्रदेश सरकार, स्थानीय सरकारको नाम भए पनि सिधै केन्द्रिय निर्देशनमा मुलुक चलेको छ । वास्तवमा कर्णालीलाई अरु तल खस्कीने अवस्थाको सिर्जना गराइएको छ । देशमा परिवर्तन भएको भनिएपनि त्यो परिवर्तनले कर्णालीलाई कुनै प्रभाव पारेको छैन ।




इतिहासलाई केलाउँदा, विशेषतः सन् १४५० मा खस साम्राज्य विघटनपछि वास्तवमा कर्णालीको स्थिति खस्कँदै गएको पाइन्छ । वि.सं. १८४६ मा नेपाल एकिकरणपश्चात अझ झन् कर्णालीको अवस्था बिग्रँदै गइरहेको यथार्थ छर्लङ्ग छ । त्यसैमा एकिकरणको नाममा अतिक्रमण र हस्तक्षेप नीतिका कारणले काठमाडौंले सधैं कर्णालीलाई उपनिवेश जस्तो ठान्ने र कर्णालीका जनसमुदायहरुलाई माथि उठ्न नदिने काम गरेको पाइन्छ । जुन निरन्तरको हेपाईले कर्णाली आज विश्वकै भोका, नाङ्गा र मध्ययुगिन अवस्थाका गुज्रिरहेको छ । यसर्थ, जातिय तथा क्षेत्रीय उत्पीडनको सवालमा भियना सम्मेलनले भने जस्तै नेपालले कर्णालीलाई मेरो भन्ने अधिकार गुमाएको हुन्छ । सम्मेलनले स्पष्ट भनेको छ- त्यो देशको कुनै क्षेत्र वा समुदाय अन्य क्षेत्रको तुलनामा छ गुणा तल छन् त्यो क्षेत्रमाथिको अधिकार देशले गुमाउने छ । आज काठमाडौं र कर्णालीबीच करिब १० गुणाको फरक छ । त्यसैले पनि भियना सम्मेलनले पारित गरेको घोषणा पत्रको सिद्धान्तलाई लागू गर्ने हो भने राज्यले मेरो भन्ने अधिकार गुमाइसकेको छ । राज्यबाट सधैं थिचोमिचो एवम् उत्पीडन र पछ्यौटेपन सहनै पर्छ भन्ने अबको २१औं शताब्दीमा छैन ।

आज विभिन्न संघ संस्थाले मागिखाने भाँडाको रूपमा कर्णालीलाई बनाइएको छ । यसैले राजनैतिक र प्रशासनिक अधिकार र शक्तिको बाँडफाँट बिना यो क्षेत्रमा आर्थिक विकासका नाममा खरबौं लगानी गरे पनि उपलब्धी हुनेवाला छैन । आज दातृ राष्ट्रको खरबौं सहयोग बालुवामा पानी हाले जस्तै भएको छ । त्यो कसले ल्याउँछ र कता हराउँछ कर्णालीका जनतालाई थाहा नै छैन । राज्यले पनि गतिलै बजेट सिंहदरबारको रेड बुकमा छुट्याएको हुन्छ तर, त्यो बजेट कर्णालीमा नपुग्दै फ्रिज हुन्छ । यसैले आर्थिक लगानीले मात्रै उत्पीडित क्षेत्र र वर्ग अगाडि बढ्न सक्दैन भन्ने कुरा कर्णालीमा गएको खरबौं बजेटको विश्व बैंकले एउटा रिर्पोट नै स्पष्ट पारेको छ । कर्णालीमा खरबौं बजेट गएको भन्ने कुरा देखाएको छ, त्यो कता हरायो र कसले खायो त्यसको खोजी हुन सकेको छैन । आज जसले जे गरे पनि आँखा चिम्लेर ताली हान्ने, बुझ्नेकाहरुले पनि बुझेर आर्थिक लाभका निम्ति चुप लागेर बस्नु पर्ने अवस्था भएको छ । त्यसैले राजनैतिक र प्रशासनिकरूपमा समान सहभागिता नहुन्जेल कर्णालीको प्रगति हुनै सक्दैन ।

नेपालको केन्द्रीकृत शासन शैली र शहरी विकास बजेटले उत्पीडित क्षेत्र र ग्रामिण बस्तीहरुलाई सधैं ठग्ने र केन्द्रीकृत शहरी विकास एवम् राजनीतिक हैकम जमाउने सामन्ती प्रवृत्ति र मुलुकमा भइरहेका

*आज विभिन्न संघ संस्थाले मागिखाने भाँडाको रूपमा कर्णालीलाई बनाएका छन् । यसैले राजनैतिक र प्रशासनिक अधिकार र शक्तिको बाँडफाँट बिना यो क्षेत्रमा आर्थिक विकासका नाममा खर्बौं लगानी गरे पनि उपलब्धी हुनेवाला छैन । आज दातृ राष्ट्रको खर्बौं सहयोग बालुवामा पानी हाले जस्तै भएको छ । त्यो कसले ल्याउँछ र कता हराउँछ कर्णालीका जनतालाई थाहा नै छैन ।*

अनेकौं विभेद्का विरुद्धमा कयौं पटक विद्रोह र आन्दोलन भए । अझै भने विद्रोह हुने देखिन्छ । केन्द्रीय राजधानीमा पिचमा पिच थप्नुपर्ने तर, कर्णालीमा सडक नै नबन्ने र बनाउनै नचाहने कस्तो यो संघीयता र परिवर्तन हो ? यसर्थ, यो देश एकात्मक राज्य व्यवस्थाको विरुद्धमा संघीय राज्य बनाउने र जनताको संविधान बनाउने एवम् केन्द्रिकृत राजनीतिक व्यवस्थालाई संघात्मक एवम् शक्ति बाँडफाँटका सवालमा क्रान्ति भई हाल यो अवस्थामा आएको कुरा सबैलाई थाहा नै छ । बिडम्वना यत्रो आन्दोलन भयो, कयौंको ज्यान गयो, हजारौं अङ्गभङ्ग भए तर, खासै उपलब्धी देखिएन । कारण, उनीहरुको सोच र दिमाग अहिले पनि सकारात्मक छैन ।

यो देशमा विभेदमा पारिएका र शक्ति बाँडफाँटको सवालमा बिमुख पारिएका उत्पीडित क्षेत्र र वर्गलाई समान सहभागिताको मात्रै होइन विशेष राजनैतिक एवम् आर्थिक अधिकार दिइनुपर्छ । अनि मात्रै कर्णाली जस्ता क्षेत्रको स्थिति माथि उठ्न सक्दछ । यदि उही पुरानो केन्द्रीकृत सामन्ती व्यवस्था लाद्न खोज्ने हो भने त्यसले नयाँ विद्रोहको मात्रै सुरुवात गराउनेछ । घरको जग बलियो भएन भने घर भत्कन्छ । अब घरको जग भनेकै यस देशका विभिन्न क्षेत्र, जाति, र वर्गका समुदायहरु हुन्, उनीहरुलाई राज्यको हरेक क्षेत्रमा समानुपातिक शक्ति बाँडफाँटमा सहभागिता गराउनु नै आजको सबैभन्दा महत्वपूर्ण विषय हो । हिजोका शासकहरुले समावेशी नगराएकोले यत्रो परिवर्तन भयो तर, उही सामन्ती, दादागिरी ठालु भएर केन्द्रिकृत शैलीमा शासन लाद्ने नीति र आदेश मान्नुपर्ने आजको २१ औं शताब्दीका जनताले मान्न सक्दैनन् । यहाँनेर समान सहभागिता एवम् शक्ति बाँडफाँटको कुरा गर्दा बिखण्डनकारी भन्नेहरु हिजैदेखि खाईपाई आएका वर्गहरुलाई रिस र डाहा होला तर, युग र समय परिवर्तन छ । त्यसैले यो देशलाई समृद्धि बनाउन खोज्ने र समान भागदारका लागि सम्मानजनक अधिकार दिँदा कसैले मेरो भाग खोसिन्छ कि भन्ने एकात्मक चिन्तन त्याग्नु पर्दछ । जसमा हाल नेपालको उन्नती र प्रगती हुन नसक्नु भनेकै सामन्ती ठालु गिरी प्रवृत्ति हो । राज्यलाई आफ्नो बाबुको बिर्ता भन्ने सोच्ने प्रवृतिले गर्दा संसारकै गरीब र दरिद्र बन्ने अवस्था रहिरह्यो । परिवर्तनबाट आएका शासकहरुले पनि यो कुरालाई बुझेको देखिएन ।

आज हामी कर्णालीमा कति विकास छ भनेर कर्णाली राजमार्गको अवस्था हेर्न सक्छौं । वर्षौंदेखि कर्णाली राजमार्ग अस्थव्यस्थ छ । जनता निरन्तर सास्ती भोग्न बाध्य छन् । संसारकै जेठो सभ्यता र संस्कृति बोकेको कर्णाली प्रदेश निरन्तर हेपाईमा छ । दुई/तीन सय वर्ष नेपाल प्रवेश गरेका वर्गले मात्रै शासन गर्ने अवस्था बन्दा कर्णाली सधैं पिल्सिरहेको छ । राज्य सत्ताले कर्णालीलाई पीडित मात्रै बनाएको छैन, विश्व मानव सभ्यतासँग जोडिएको यहाँको इतिहास र पहिचान नै मेट्न खोजिएको छ । मानिसहरु जब सक्षम हुन्छन्, उसले आफ्नो इतिहास र पहिचानको खोजी गर्छ । कसैले पनि त्यो इतिहास र पहिचानलाई नष्ट गरेर गरिने वाला हुँदैन । कर्णालीको विकास गर्न विशेष क्षेत्रको रुपमा यसलाई हेरिनुपर्छ । अनि मात्र कर्णालीको मुहार फेरिन सम्भव छ । तर विडम्बना, त्यतातिर ध्यान जाने अवस्था छैन ।

विश्वको संविधान 'मनोस्मृती' राजा मनुले कालिकोटको माल्मुमा लेखेका थिए । त्यस्तै, विश्वपतिहरुको राजधानी कालिकोटको तिखासुली दरबारको भगनावेशहरुलाई अध्ययन गर्दा अन्य थुप्रै प्रमाण भेटिन्छ । यसर्थ खस राज्य विघटनपछि छुटे राजाहरुको उदयलाई मात्रै लिएर विशाल खस साम्राज्यलाई सानो बनाउनु हुँदैन । जुम्ली राजाको सानो इतिहास र पृथ्वीनारायण शाहले गरेको एकीकरण मात्रै हालको नेपाल होइन । कर्णाली भेनको विश्वको माऊ भूमि हो र संसारका मान्छेलाई शिक्षा दिक्षा र भिक्षा दिने केन्द्रभूमि हो । यस्तो इतिहास बोकेको कर्णालीलाई निरन्तर चेपाईमा पार्ने प्रयास भइरहेको छ । यति यस्तै रहिरहे यसले विद्रोहको स्वरुप लिनेमा दुविधा छैन ।

## सामाजिक सञ्जाल



**- निर्मल प्रसाईं**

सँगै बसेर लञ्च, डिनर, ब्रेक फास्ट गर्ने अनि सुन तस्करीमा पोल खुलेपछि मैले चिनेको छैन भन्ने । नेपालका सबै प्रभावशाली व्यक्तिहरुको फोन खोसेर एउटा कोठामा थुने शतप्रतिशत नतिजा बाहिर आउँछ । होइन भने अर्थमन्त्री र गृहमन्त्रीको दबाबमा चेपिएर सुन प्रकरण सकिन्छ, मर्छ ।



**- जीवराम भण्डारी**

रुसले अब केही खाद्यान्न विदेश निर्यात नगर्ने घोषणा गरेको छ । यससँगै सम्भावित खाद्य संकटलाई ख्याल गरी भारतले पनि नेपालमा धान चामल निर्यात नगर्ने नीति लिएको बुझिन्छ । झण्डै वार्षिक ३३ अर्बको धान र चामल नेपालले आयात गर्छ (सरकारी डाटा सही भए) । देशमा सरकार छ भने समयमै ख्याल गरोस् ।



**- गोविन्द शालिक**

पूरा जीवनको खुन पसिना लगाएर एउटा घर बनाउन हम्मेहम्मे पर्छ । जनताको सेवा गर्न निजामती क्षेत्रमा प्रवेश गरेको कर्मचारीले वर्षको एउटा हिसाबले २२ वटा, त्यो पनि राजधानीमै खडा गरेछ । देश त कर्मचारी र नेताले मिलेर मजाले बनाकै रहेछन् । पर्दा पछाडि यस्ता अन्य घटना कति होलान ?



**- विष्णु ढकाल**

हुर्तीफुर्ती धेरै नलगाए हुन्छ, साच्चिकै श्रम गरेर जीवन यापन गर्ने भरियाहरूलाई बदनाम गरेर ! कोही सुन बोक्ने, कोही नक्कली शरणार्थी बोक्ने आखिर औकात त भरिया कै रहेछ । फेरि समाजले असली भरियालाई हेला किन गर्ने ? असली त भारी बोकेर कमाएको पैसाले सुक्कारूख्खा खाएर निदाउछ, यिनका छटपटी हेरौं त !

# महाशक्तिको लडाइँले बढाएको संकट

विचार



● खगेन्द्र पौडेल

*पुटिनले सम्झौताबाट बाहिरिने निर्णय गरेपछि युक्रेनले विश्वमा खाद्यान्न पठाउन जारी राख्छ वा राख्दैन भन्ने कुरा अहिले स्पष्ट छैन । यद्यपि, जेलेन्स्कीले युक्रेनले इयान्युब नदीको माध्यमबाट निर्यात जारी राख्ने भनिरहेका छन् । तर युक्रेनी खाद्य निर्यात सुविधाहरु अवरुद्ध भइरहेको छ, किनकी शिपिङ्ग कम्पनीहरु रूसबाट सुरक्षा ग्यारेन्टी बिना युद्ध क्षेत्रमा खाद्यान्न पठाउन इच्छुक छैनन् । निःसन्देह, रूसको यो निर्णयको प्रभाव विश्वभर छिट्टै देखिनेछ ।*

रुसियाले ब्ल्याक सी ग्रेन इनिसिएटिभ (बीएसजीआई) सम्झौताबाट आफूलाई अलग गरेको घोषणा गरेको छ । जुन सम्झौताले युक्रेनमा उत्पादित खाद्यान्न ब्ल्याक सी हुँदै विश्व बजारहरूमा सुरक्षित पहुँच गर्न अनुमति दिएको थियो । रुसको यो निर्णयपछि विश्वभर खाद्यान्नको मूल्य बढ्ने र खाद्य संकट अझ गहिरिने सम्भावना बढेको छ । तत्कालिन समय सम्झौता गराउनका निम्ति भूमिका खेलेका टर्कीका राष्ट्रपति एर्दोगानले रुसलाई सम्झौतामा फर्कन मनाउन सकिने विश्वास व्यक्त गरेका छन् । तर रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले भने यो निर्णयलाई रुसको बाध्यात्मक भएको बताएका छन् ।

युक्रेन युद्धमा पुटिनले खाद्यान्नलाई हतियारको रूपमा प्रयोग गर्ने वा बीएसजीआई सम्झौताको आडमा बार्गेनिङ गर्न पश्चिमा राष्ट्रहरूलाई दबाब दिइरहेको त होइन ? यतिबेला पुटिनको भनाइले यही संकेत गरेको देखिन्छ । पुटिनले बारम्बार मस्कोको हितलाई प्राथमिकतामा राख्नुपर्ने आफ्नो दायित्व भएको बताइरहेका छन् । ब्ल्याक सी दक्षिण-पूर्वी यूरोप र एशियाबीचको एक रणनीतिक क्षेत्र हो, जसको निकै महत्व रहेको छ । युरोपको 'ब्रेड बास्केट' भनेर चिनिने युक्रेन विश्वको सबैभन्दा ठूलो खाद्यान्न आपूर्ति गर्ने देश हो । युक्रेनले विश्व बजारमा वार्षिक ४५ मिलियन टनभन्दा बढी खाद्यान्न उपलब्ध गराउँदै आएको छ । फेब्रुअरी २०२२ मा युक्रेनमा आक्रमण गरेपछि, रुसी नौसैनिक जहाजहरूले युक्रेनको बन्दरगाहमा नाकाबन्दी गरेका थिए । रुसी नाकाबन्दीपछि पोर्ट कन्टेनरहरूमा दुई करोड टनभन्दा बढी खाद्यान्न अड्किएको थियो ।

रुसको यो कदमले अफ्रिका र मध्यपूर्वका धेरै देशहरूमा खाद्य संकट सिर्जना गरिसकेको छ । खाद्यान्नको मूल्य आकाशिएको छ । यस्तो अवस्थामा गत वर्ष जुलाईमा रुस, टर्की, युक्रेन र संयुक्त राष्ट्रसंघले खाद्यान्न र अन्य मलमा सस्तो पहुँचका लागि ब्ल्याक सी ग्रेन इनिसिएटिभको रूपमा यो सम्झौतामा हस्ताक्षर गरेका थिए । यसअन्तर्गत, युक्रेनी बन्दरगाहबाट जहाजहरूलाई सुरक्षित मार्गको ग्यारेन्टी गरिएको थियो । यो सम्झौतालाई विश्वव्यापी खाद्यान्न संकट समाधानका लागि कूटनीतिक विजयका रूपमा हेरिएको थियो ।

सम्झौतापछि विश्वभर महँगी पनि घट्न थालेको थियो । सम्झौताकै कारण एक वर्षमा करिब २३ प्रतिशतले महँगी घटेको देखिन्छ । सम्झौताको बदलामा, युक्रेनले मे २०२३ सम्म ३२ मिलियन टनभन्दा बढी अन्न निर्यात गरेको छ । सम्झौतामा हस्ताक्षर भएपछि गहुँ र मकैको मूल्य क्रमशः १७ प्रतिशत र २६ प्रतिशतले घटेको छ । रुसले जुलाई १७ मा सम्झौता अन्त्य गर्ने घोषणा गरेसँगै अन्तर्राष्ट्रिय बजारमा खाद्यवस्तुको मूल्य तीन गुणासम्मले बढेको छ ।

यस मामिलामा पुटिनको आफ्नै पक्ष छ । उनले लामो समयदेखि रुसलाई आफ्नो खाद्यान्न र मल निर्यात गर्न दिने सम्झौता पश्चिमी प्रतिबन्धका कारण हुन नसकेको बताउँदै आएका छन् । पुटिनले गरिब देशहरूमा खाद्यान्न नपुगेको पनि बताएका छन् । पुटिनको आरोप निराधार छैन । यसबाट अफ्रिका र पश्चिम एसियाका मुलुकलाई खाद्य संकटबाट जोगाउन सहयोग पुग्ने गरी सम्झौताको पक्षमा तर्क गरिएको थियो ।

वास्तविकता यो थियो कि युक्रेनी बन्दरगाहहरूबाट निस्किएको अन्नको ठूलो हिस्सा युरोपका धनी देशहरूको बजारमा बिक्री भइरहेको थियो । जबकि अमेरिकासँगै यी देशहरूले रुसमाथि आर्थिक नाकाबन्दी लगाएर अर्थतन्त्रको घाँटी थिचेर बसेका छन् । पुटिनले सम्झौताबाट बाहिरिने निर्णय गरेपछि युक्रेनले विश्वमा खाद्यान्न पठाउन जारी राख्छ वा राख्दैन भन्ने कुरा अहिले स्पष्ट छैन । यद्यपि, जेलेन्स्कीले युक्रेनले ड्यान्युब नदीको माध्यमबाट निर्यात जारी राख्ने भनिरहेका छन् । तर युक्रेनी खाद्य निर्यात सुविधाहरू अवरुद्ध भइरहेको छ, किनकी शिपिङ्ग कम्पनीहरू रूसबाट सुरक्षा ग्यारेन्टी बिना युद्ध क्षेत्रमा खाद्यान्न पठाउन इच्छुक छैनन् । निःसन्देह, रूसको यो निर्णयको प्रभाव विश्वभर छिट्टै देखिनेछ । पुटिनले माग पूरा भएमा सम्झौता नवीकरण गर्ने संकेत गर्नु भने अर्को खुसीको कुरा हो ।

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | आध्यात्मिक कार्यहरुमा रुचि बढ्नेछ । मांगलिक कार्य हुने योग छ । |
| वृष | : | विद्यार्थीहरुको लागि राम्रो समय छ । तथापी, खर्चमाथि नियन्त्रण राख्नुहोला । |
| मिथुन | : | राजनैतिक कार्य सफल हुनेछ । उत्साहमा वृद्धि हुनेछ । |
| कर्कट | : | अनावश्यक जिम्मेवारी लिनु हुँदैन । आहारमा ध्यान दिनुहोला । |
| सिंह | : | जीवनसाथीको सहयोग प्राप्त हुनेछ । सम्मानमा वृद्धि हुनेछ । |
| कन्या | : | रोजगारीमा वृद्धि हुनेछ । जोखिम भएको कार्यमा नोक्सानीको योग छ । |
| तुला | : | विनम्रतासित कार्य गर्नु होला । शुभकार्यमा बढी खर्च हुने देखिन्छ । |
| वृश्चिक | : | शत्रु कमजोर रहनेछ । सबै कार्यमा लाभको योग छ । |
| धनु | : | प्रसन्नतामा वृद्धि हुनेछ । यात्राको लागि समय उत्तम छ । |
| मकर | : | राजनैतिक सहयोग प्राप्त हुनेछ । शुभ सन्देश प्राप्त हुने योग छ । |
| कुम्भ | : | वाणी संयम जरुरी छ । पारिवारिक उल्झनले मनमा अशान्ति पैदा गर्नेछ । |
| मीन | : | जोखिमयुक्त कार्य नगर्नुहोला । शत्रु परास्त हुनेछन् । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# चन्द्रपुर नगरपालिकाले माग्यो शिक्षक, नगर प्रहरीमा पनि भर्ना खुल्ने

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १५ साउन

रौतहटको चन्द्रपुर नगरपालिकाले ६४ जना स्वयंसेवक शिक्षकका लागि आवेदन खुलाएको छ । नगरपालिकाले माविं तहका लागि १३ जना, निमावि तहका लागि २१ जना र प्रावि तहका लागि ३० जना शिक्षकको माग गर्दै आवेदन खुलाएको हो ।

नगरपालिकाले जारी गरेको सूचनामा रितपूर्वक योग्यता पुगेकाहरुले आवेदन दिन सक्ने उल्लेख छ । चन्द्रपुर नगरपालिकाभित्रका सामुदायिक विद्यालयमा स्वयंसेवक शिक्षक तथा करार शिक्षक र कर्मचारी छनोटसम्बन्धी कार्यविधि २०८० बमोजिम नगरपालिकाबाट विनियोजित बजेटअनुरुप शिक्षकको माग गरिएको नगर प्रमुख सञ्जय कुमार काफ्लेले बताए ।




नगर क्षेत्रभित्र सञ्चालित विभिन्न सामुदायिक विद्यालयहरुबाट माग भएअनुसार करार सेवामा स्वयंसेवक शिक्षक पदपूर्ति गर्नुपर्ने भएकाले नगरपालिका आफैंले शिक्षक भर्ना गर्न लागेको उनको भनाइ छ । चन्द्रपुर नगर क्षेत्रको शैक्षिक गुणस्तर उकास्न यो कार्यको थालनी गरिएकाले अब नगरको शिक्षा क्षेत्रमा परिर्वतन आउने उनले बताए । शिक्षा जस्तो संवैदनशील क्षेत्रको विकासका लागि नगरपालिका सदैव तयार रहेको उनको भनाइ थियो ।

नगर शिक्षा समितिको निर्णयानुसार स्वयंसेवक शिक्षक कोटामा सो संख्यामा शिक्षक माग गरिएको चन्द्रपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत किरणनिधि तिवारीले बताए । सो शिक्षक दरबन्दीमा इच्छुक योग्य नेपाली नागरिकहरुलाई साउन २६ गतेसम्म आवेदन दिने गरी म्याद राखिएको उनले जानकारी दिए । आवेदन फारम नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट प्राप्त गर्न सकिने र म्याद नाघी प्राप्त हुन आएका आवेदनमाथि कुनै कारबाही नहुने उनले प्रष्ट पारे ।

यसैबीच चन्द्रपुर नगरपालिकाले नगर प्रहरी भर्नाको तयारी समेत थालेको छ । नगर प्रमुख काफ्लेका अनुसार केही दिनमै नगर प्रहरीका लागि आवेदन खुला हुने छ । एक जना सई, एक जना असई, २ जना हवल्दार र १२ जना सिपाहीसहित १६ जना नगर प्रहरी रहने नगर प्रमुख काफलेले बताए । नगरको शान्ति सुरक्षा तथा आवश्यक काम करबाहीका लागि नगर प्रहरी अतिआवश्यक भएका कारण नगर प्रहरी भर्ना गर्ने नीति लिइएको उनले बताए । चन्द्रपुर नगरपालिकालाई समुन्नत र समृद्ध नगर बनाउने योजनाअनुसार आफू अघि बढेको उनको भनाइ छ । पछिल्लो समय चन्द्रपुर नगरपालिकाले नगरको विकासका कार्यलाई तीव्रता दिँदै आएको छ ।

# अध्यक्ष केसीद्वारा बिरामीलाई आर्थिक सहयोग

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १५ साउन

नेकपा माओवादी केन्द्र बाँफिकोट गाउँपालिकाका अध्यक्ष चन्द्रबहादुर केसी निरन्तर समाजसेवामा जुटेका छन् । बाढीपीडितदेखि मिर्गौला पीडितसम्मलाई केसीले सहयोग गरेका छन् ।



सोमबार बाँफिकोट गाउँपालिका वडा नम्बर ४ खोलिबड गाउँमा बिरामी भएर आराम गरिरहेका चङ्खलाल खत्रीलाई अध्यक्ष केसीले नगद पाँच हजार रुपैयाँ सहयोग गरेका छन् ।

अप्ठ्यारोमा परेकाहरुलाई केही राहत होस् भनेर आफूले सकेको सहयोग गर्दै आएको उनले बताए । अध्यक्ष केसी पीडित, असहाय तथा बिरामीको साथी बन्दै गएका छन् ।

आइतबारमात्र भारतको कोलकत्तामा दुर्घटनामा परी गम्भीर घाइते भएका हंशबीर बस्याललाई पनि उनले नगद पाँच हजार रुपैयाँ सहयोग गरेका थिए । बस्याल बाँफिकोट गाउँपालिका वडा नम्बर ६ मग्मा निवासी हुन् ।


**UAE मा रोजगार** | कम्पनी: INTERNATIONAL TRADING FRANCHAISES (L.L.C)
शहर: DUBAI

पूर्व स्वीकृत मिति: २०८०/०४/१४ चलानी नं.: ६०२०५४०१ LT. No.: 290162

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 5 | 5 | सम्बन्धित कामामा दक्ष | 2000 | ७१,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook | 0 | 10 | | 2000 | ७१,५०० | | | | | | | |
| 3. | Waiter | 10 | 0 | | 2000 | ७१,५०० | | | | | | | |
| 4. | Waitress | 0 | 5 | | 2000 | ७१,५०० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन २३ गते (8 August 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

SHRO Support Human Resources Pvt. Ltd. (Foreign Employment Services, Nepal)
श्रम इजाजत पत्र नं.: ६६१/०६३/०६४

**सपोर्ट ह्युमन रिसोर्सेज प्रा. लि.**
सिनामंगल, काठमाडौं, नेपाल, फोन: ४१११२६

**QATAR मा रोजगार** | कम्पनी : JAYAM CONTINENTAL CONTRACTORS WLL
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०८०/०४/११ चलानी नं.: ६०२०५४४३ LT. No.: 289994

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 5 | 0 | स. कामामा दक्ष | 1200 | ४३,२४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन २३ गते (8 August 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**युरो क्रस ईन्टरनेशनल प्रा.लि.**
श्रम इजाजत नं. ९९५/०६८/०६९ एयरपोर्ट, काठमाडौं, नेपाल, फोन नं: ४५८५८८३
Mob: 9801101353, 9813287381.


## भगवानपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भगवानपुर, सिरहा
मधेश प्रदेश, नेपाल

## करारमा सेवा लिने सम्बन्धी सूचना
**(सूचना प्रकाशित मिति : २०८०।०४।१५)**

भगवानपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, अन्तर्गतका वडा कार्यालय तथा गाउँ कार्यपालिकाको विभिन्न शाखामा रहने गरी तपसिलको संख्या र योग्यता भएको चिकित्सक, स्वास्थ्यकर्मी, गाउँ प्रहरी तथा प्राविधिक/अप्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएको ले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र कार्यालय समयसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ, यसको दरखास्त फाराम, दस्तुर, कार्य-विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.bhagwanpurmun.gov.np बाट उपलब्ध हुनेछ।

| क्र. सं. | विज्ञापन नं. | पद नाम | तह | संख्या | दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ०१/२०८०/८१ | मेडिकल अधिकृत(चिकित्सक) | अधिकृत आठौं | १ | १०००।- | |
| २. | ०२/२०८०/८१ | सूचना प्रविधि अधिकृत | अधिकृत छैटौं | १ | १०००।- | |
| ३. | ०३/२०८०/८१ | कृषि स्नातक | अधिकृत छैटौं | १ | १०००।- | |
| ४. | ०४/२०८०/८१ | ईन्जिनियर (सिभिल) | अधिकृत छैटौं | १ | १०००।- | |
| ५. | ०५/२०८०/८१ | सब- ईन्जिनियर | सहायक पाँचौं | २ | ७००।- | |
| ६. | ०६/२०८०/८१ | रोजगार सहायक | सहायक पाँचौं | १ | ७००।- | |
| ७. | ०७/२०८०/८१ | प्राविधिक सहायक | सहायक पाँचौं | १ | ७००।- | |
| ८. | ०८/२०८०/८१ | सहायक कम्प्युटर अपरेटर | सहायक चौथो | २ | ५००।- | |
| ९. | ०९/२०८०/८१ | अमिन | सहायक पाँचौं | २ | ७००।- | |
| १०. | १०/२०८०/८१ | शिक्षक | मा. वि. (अँग्रेजी-१, नेपाली-२, विज्ञान-१,गणित विज्ञान-१, गणित-१) | ६ | १०००।- | |
| ११. | ११/२०८०/८१ | शिक्षक | नि. मा. वि. (अँग्रेजी-३, गणित-१, नेपाली-१, सामाजिक-१) | ६ | ७००।- | |
| १२. | १२/२०८०/८१ | शिक्षक | प्रा. शि. | १४ | ५००।- | |
| १३. | १३/२०८०/८१ | शिक्षक | कम्प्युटर | ३ | ५००।- | |
| १४. | १४/२०८०/८१ | शिक्षक | बालविकास स. का. | ३ | ५००।- | |
| १५. | १५/२०८०/८१ | हेल्थ असिष्टेन्ट | सहायकस्तर पाँचौं | १ | ७००।- | |
| १६. | १६/२०८०/८१ | अ. न. मी. | सहायक चौथो | ३ | ५००।- | |
| १७. | १७/२०८०/८१ | पोषण स्वयम् सेवक महिला | सहायक चौथो | १ | ५००।- | |
| १८. | १८/२०८०/८१ | पशु सहायक | सहायक चौथो | ५ | ७००।- | |
| १९. | १९/२०८०/८१ | ब्याक हो लोडर अपरेटर | हेभी सवारी चालक | १ | ७००।- | |
| २०. | २०/२०८०/८१ | ट्र्याक्टर चालक | हलुका सवारी चालक | १ | ५००।- | |
| २१. | २१/२०८०/८१ | गाउँ प्रहरी सहायक निरीक्षक | सहायकस्तर पाँचौं | १ | ७००।- | |
| २२. | २२/२०८०/८१ | गाउँ प्रहरी जवान | सहायकस्तर दोश्रो | १० | ५००।- | |
| २३. | २३/२०८०/८१ | कार्यालय सहयोगी | श्रेणीविहिन | ११ | ५००।- | |

**१. आवश्यक न्यूनत म योग्यता र अनुभव:**

(१) उम्मेदवार नेपाली नागरिक हुनुपर्नेछ।

**(२) न्यूनतम शैक्षिक योग्यता:**

**क. मेडिकल अधिकृत (चिकित्सक)को हकमा**
- नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाबाट एम. बी. बी. एस. उत्तीर्ण
- नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको (स्थायी वा अस्थायी प्रमाण पत्र)

**ख. सूचना प्रविधि अधिकृतको हकमा**
- लोक सेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer jf Information & Communication Technologies वा सो सरहको विषयहरुमध्ये कुनै एक विषय लिई स्नातक तह (BIT, BIM, BBIS,BCA, BEIT, BSc. IT, BSc. CSIT) को उपाधि हासिल गरेको।

**ग. कृषि स्नातकको हकमा**
- मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विषयमा स्नातक तह उत्तीर्ण भएको।

**घ. इन्जिनियर (सिभिल) को हकमा**
- मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा ब्यचालर अफ इन्जिनियरिङ्ग (बि. ई.) उत्तीर्ण भएको।

**ङ. सब- ईन्जिनियरको हकमा**
- मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।

**च. रोजगार सहायकको हकमा**
- मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको।
- आधारभूत कम्प्युटर सीप सम्बन्धी ३ महिने तालिम लिएको।

**छ. प्राविधिक सहायकको हकमा**
- सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको।
- कम्तिमा आधारभूत कम्प्युटर सीप सम्बन्धी ३ महिने तालिम लिएको।
- पूर्वाधारको निर्माण र मर्मत/स्तरोन्नतीका लागि आयोजनाको लगत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव र उत्कृष्ट पारस्परिक सम्वन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएकोलाई गाह्यता दिइनेछ।

**ज. सहायक कम्प्युटर अपरेटरको हकमा**
- मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तिमा ३ महिनाको कम्प्युटर तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी विज्ञान तथा प्रविधि मन्त्रालयबाट Semi Skilled Man Power को लागि सञ्चालित ३ महिनाको कम्प्युटर तालिम प्राप्त ।

**झ. अमिनको हकमा**
- मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिइ एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा कम्तीमा १ (एक) वर्षको तालिम प्राप्त गरेको ।

**ञ. शिक्षक मा.वि. को हकमा**
- मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरेको।

**ट. शिक्षक नि. मा.वि. को हकमा**
- मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रवीणता प्रमाण पत्र वा सो सरह तह उत्तीर्ण गरेको।

**ठ. शिक्षक प्रा. शि. को हकमा**
- मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाण पत्र वा सो सरह तह उत्तीर्ण गरेको।

**ड. शिक्षक बालविकास स. का.को हकमा**
- मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. ई. ई. वा सो सरह उत्तीर्ण

**ढ. हेल्थ असिष्टेन्टको हकमा**
- मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिसिन विषयमा प्रविणता प्रमाण पत्र तह व सो सरह उत्तीर्ण गरेको।
- स्वास्थ्य व्यवसायिक परिषद्मां दर्ता भएको हुनुपर्ने।

**ण. अ. न. मी. को हकमा**
- मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषय उत्तीर्ण भएको।

**त. पोषण स्वयम् सेवकको हकमा**
- मान्यता प्राप्त शिक्षण संस्थआबाट प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण

**थ. पशु सहायक**
- मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. वा सो सरह उत्तीर्ण गरी न्यूनतम एक बर्षे जे. टि. ए. (पशु विज्ञान, पशुपालन, पशु स्वास्थ्य) तालिम प्राप्त वा कृषि (पशुपालन, पशु स्वास्थ्य) विषय लिई टी. एस. एल. सी. उत्तीर्ण वा सो सरह उत्तीर्ण।

**द. ब्याक हो लोडर अपरेटर र ट्र्याक्टर चालकको हकमा**
- सम्बन्धित सवारी साधनको सवारी चालक अनुमति पत्र प्राप्त

**ध. गाउँ प्रहरी सहायक निरीक्षकको हकमा**
- कुनै विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको।

**न. गाउँ प्रहरी जवानको हकमा**
- आधारभूत शिक्षा वा सो सरह उत्तीर्ण गरेको।

**प. कार्यालय सहयोगीको हकमा**
- साधारण लेखपढ गर्न जान्ने।

**(३) उमेर:** सम्पूर्ण पदहरुको हकमा १८ वर्ष पूरा भै ४५ वर्ष ननाघेको।

**२. आवेदन दिने अन्तिम मिति:-** २०८०।०४।२९ गते कार्यालय समयसम्म।

**३. आवेदन दिने तरिका:-** बुँदा नं. ५ मा उल्लेख भएका कागजातहरु एवं तोकिएको शुल्क यस गाउँपालिकाको राजश्वा शाखामा जम्मा गरी भौचर संलग्न राखी स्वयं उपस्थित भई आवेदन दिने।

**४. दरखास्तमा संलग्न गर्नुपर्ने:** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि। पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

**५. तलब स्केल र भत्ता:-** गाउँ कार्यपालिकाले तोके बमोजिम।

**६. करार अवधि:-** २०८१ असार मसान्तसम्म। कार्य सम्पादन संतोषजनक भएमा करार थप गर्न सकिनेछ।

**७. थप जानकारीको लागि सम्पर्क नं. र इमेल ठेगाना:-** गाउँ कार्यपालिकाको कार्यालय, प्रशासन शाखा, ९८५२८५८००१, bhagwanpurgaupalika@gmail.com

**८. छनौट प्रक्रिया:-**
- भगवानपुर गाउँपालिकाको करार प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७, भगवानपुर गाउँपालिकाको पालिका प्रहरी व्यवस्थापन कार्यविधि, २०७९, गाउँ स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, द्दण्८० तथा प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्णय गरे बमोजिम।

**९. सूचनामा उल्लेख भएका बाहेक अन्य कुराहरु प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ।**

**पुनश्च:- यस विज्ञापनमा भएका यसअघि गत आ. व. २०७९/८० मा विज्ञापन गरिएका पदहरुको हकमा उम्मेदवारहरुले पेश गरेका दरखास्त फारमहरुलाई समेत सामेल गराउने भएकोले सो बखत दरखास्त पेश गरेका उम्मेदवारहरुले आफ्ना कागजातहरु यस विज्ञापनको समयभित्र पुन: अद्यावधिक गराउनु हुन अनुरोध छ।साथै सो बखत तिरेका दरखास्त फारम दस्तुर नै मान्य हुनेछ। तोकिएको समयभित्र कागजातहरु अद्यावधिक हुन नसेकका दरखास्त फारमहरु यस विज्ञापनमा सामेल नहुने व्यहोरा समेत जानकारी गराइन्छ।**

**प्रमुख प्रशासकीय अधिकृत**

# ताबुकमा राहदानी नवीकरण तथा वितरण कार्यक्रम सम्पन्न



**साउदी/मस-** गैर आवासीय नेपाली संघ (एनआरएनए) क्षेत्रीय समन्वय समिति ताबुकको नवौं वार्षिकोत्सव कार्यक्रम सम्पन्न भएको छ। वार्षिकोत्सवको अवसरमा राहदानी नवीकरण, राहदानी वितरण तथा श्रमिक अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो ।

एनआरएनए क्षेत्रीय समन्वय समिति ताबुकको संयोजकत्वमा महावाणिज्य दूतावास जेद्धाले यही २८ देखि २९ जुलाई २०२३ सम्म राहदानी नवीकरण फाराम संकलन, नयाँ बनेर आएको राहदानी वितरण तथा श्रमिक अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको हो ।

नेपाली महावाणिज्य दूतावास जेद्दाबाट श्रम सहचारी तमराज काफ्ले, स्थानीय कर्मचारिहरु जमल बुरहान, दिनेश पन्डित र राजु बास्कोटाले सेवा प्रदान गरेका थिए । राहदानीको सुविधा लिन ताबुकलगायत आसपासका क्षेत्रहरु दुबा, हाकल, शर्मा, अलवज, आरार, ताइमालगायत ६ सय किलोमिटर टाढाका स्थानहरुबाट आएर नेपालीहरुले सुविधा लिएका थिए । महावाणिज्यदूतावास जेद्दाद्वारा जारी पूर्वसूचनाअनुसार राहदानी नवीकरण फाराम संकलन २८ जुलाईमा एकदिन गरिने भनिएपनि सेवाग्राहीको अत्यधिक चापलाई मध्यनजर गरी महावाणिज्यदूतावासको टोलीले शुक्रबार बिहान ८ बजेदेखि शनिबार राति साढे ७ बजेसम्म ३ सय ९१ जना सेवाग्राहीलाई सेवा प्रदान गरेको थियो ।

राहदानी नविकरणको घुम्ती सेवा सम्पन्न गर्न एनआरएनए क्षेत्रीय समन्वय समिति ताबुकका संस्थापक तथा सल्लाहकार भक्तबहदुर हमाल, एनआरएनए साउदी अरेबियाका उपाध्यक्ष अर्जुन थापा, एनआरएनए क्षेत्रीय समन्वय समिति ताबुकका अध्यक्ष नरबहादुर खतिवडा, उपाध्यक्ष ओम थापा, सचिव बुद्धि प्रसाद बास्तोला, कोषाध्यक्ष दिपक कार्की, प्रवक्ता शक्ति भट्ट, सह-कोषाध्यक्ष प्रकाश थापा, युवा संयोजक बिक्रम तिम्सिना, सदस्यहरु राज कपुर अधिकारी, निलेश घिमिरे, राजेश सेर्पाली, आइ बि गुरुङ, सुमन कार्की, बिकाश झाका साथै पूर्वउपाध्यक्ष देवीबहादुर कार्की र पूर्वसचिव युवराज पोखेलले समन्वयकारी भूमिका निभाएका थिए ।

यसैगरी उक्त अवसरमा एनआरएनए क्षेत्रीय समन्वय समिति ताबुकको ९औं वार्षिकोत्सव संस्थाका संस्थापक तथा सल्लाहकार भक्त बहादुर हमाल र एनआरएनए राष्ट्रिय समन्वय परिषदका उपाध्यक्ष तथा आरसीसीका सल्लाहकार अर्जुन थापाले केक काटेर मनाइएको थियो भने उक्त अवसरमा नेपाली राष्ट्रिय पोशाक झल्काउने गरी एनआरएनए क्षेत्रीय समन्वय समिति ताबुकका सम्पूर्ण पदाधिकारीहरुले एकै किसिमका राष्ट्रिय पोशाक दौरा सुरुवाल र कोट लगाएर कार्यक्रमको शोभा बढाएका थिए ।

ताबुक जस्तो टाढा दूरदराजबाट जेद्दा र रियाद नियोगहरुमा धाउनुपर्ने झन्झट र खर्चिलो यात्राबाट आफूहरु मुक्त भएको र आगामी दिनमा पनि यस्तै सहजीकरणका कार्यक्रमहरु गर्न सेवाग्राहीहरुले माग गरेका थिए ।

सेवाग्राहीको संख्या अब आउने दिनमा वृद्धि हुने अनुमान गरिएकाले एनआरएनए क्षेत्रीय समन्वय समिति ताबुकका सम्पूर्ण पदाधिकारीहरुले सामूहिकरुपमा अर्को मेशिन थप गर्न महावाणिज्यदूतावाससमक्ष माग गरेका छन्। महावाणिज्यदूतावासका प्रतिनिधिहरुले यसलाई सकारात्मकरुपमा लिएर सम्बन्धित निकायमा जानकारी गराउने आश्वासन दिएका छन् ।

# कतारको हमाद अन्तर्राष्ट्रिय विमानस्थलबाट ६ किलो बढी कोकिन बरामद



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १५ साउन

कतारको हमाद अन्तर्राष्ट्रिय विमानस्थलबाट कोकिनसहित एक जना पक्राउ परेका छन् ।

शंकास्पद गतिविधिका आधारमा खानतलासी गर्दा ड्रमभित्र लुकाई ल्याइएको ६.१७ किलोग्राम कोकिनसहित एक जनालाई पक्राउ गरिएको हो । सुरक्षा अधिकारीका अनुसार ड्रम (बाजा बजाउने) भित्र हालेर कोकिन लिएर आएका थिए ।


**Ashok Leyland Vehicle Price List** (MRP) (Effective from 1st August, 2023)

| S.N. | Model | MRP |
|---|---|---|
| | **Truck Tipper MRP** | |
| 1 | 1616il/2C 4700 Cargo Cab Chassis 20 Ft. | 4,030,000 |
| 2 | 1618 5334 BS IV Cowl S 6 36 GB | 4,380,000 |
| 3 | 1918 4330 Cowl BS IV ZF 6 S 850 GB | 4,610,000 |
| 4 | 2518 il 6X4 Cargo SL Cab Chassis w/o ABS | 5,330,000 |
| 5 | 3118il 8S Cowl Chassis Twin Steerable | 5,630,000 |
| 6 | 3118il 8S Cowl Chassis Lift Axle | 5,760,000 |
| 7 | 3718il 6600 CWC with Lift Axle | 6,630,000 |
| 8 | U 3123 8X4 SLP CBC with Bogie Suspension | 8,200,000 |
| 9 | 1616il TU Cab Chassis | 4,150,000 |
| 10 | 1616il TU Cab 7.5 Cum Fully Built Tipper | 4,920,000 |
| 11 | 1618il TU Cab 7.5 Cum Fully Built Tipper | 5,220,000 |
| 12 | U 2518il 12 Cum Tipper Chassis | 6,580,000 |
| 13 | U 2518il 12 Cum Fully Built Tipper | 7,810,000 |
| 14 | U 2523 SR 6X4 BS III BB Tipper | 8,690,000 |
| 15 | N 2518 6X4 Tipper | 8,240,000 |
| 16 | Captain N 2523 HR BB Mining Tyre Tipper | 9,880,000 |
| 17 | U 4019 4X2 Tractor - ABS & SLD | 5,350,000 |
| 18 | U 4019 4X2 Tractor - ABS & SLD (BS4) | 5,550,000 |
| 19 | U 4923 6x4 Bogie WSM STD | 7,650,000 |
| 20 | Ecomet 1012 3250 BS3 - 5KL Milk Tanker | 4,990,000 |
| 21 | Ecomet 1212 6 CuM BB Tipper | 4,180,000 |
| 22 | Ecomet 1212 3970 CBC | 3,680,000 |
| 23 | Ecomet 1212 4200 CBC | 3,700,000 |
| 24 | Ecomet 1212 3970 HSD | 3,890,000 |
| 25 | Ecomet 1212 4200 HSD | 3,920,000 |
| 26 | Ecomet 1214il 4200 CBC | 3,880,000 |
| 27 | Ecomet 1214il 4200 HSD | 3,995,000 |
| 28 | Ecomet 1214IL 4750 HSD Truck 20FT | 4,040,000 |
| 29 | Ecomet 1214 4750 22 Ft. HSD | 4,330,000 |

IME MOTORS Corporate Office: Kathmandu, Nepal, Tel:+977-1-4955920/4955921
ASHOK LEYLAND



## KUWAIT मा रोजगार | कम्पनी: ENTREPRENEUR RESTAURANT MANAGEMENT COMPANY WLL

पूर्व स्वीकृत मितिः २०८०/०४/१५ चलानी नं.: ६०२०५४४७ LT. No.:290203 शहर: KUWAIT

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Fast Food Maker/line Cook/kitchen Crew/assistant C | 48 | 0 | स. काममा दक्ष | 150 | ६४१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: ENTREPRENEUR RESTAURANT MANAGEMENT COMPANY W.L.L शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०७८/१०/२३ चलानी नं.: ६०१७४०४० LT. No.:257528 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Crew / Assistant Cook | 10 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ५५६३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cashier / Hostess | 10 | 0 | | 155 | ६६३३५ | | | | | | | |

नोः सम्बन्धित काममा अनुभव भएका दक्ष उम्मेदवारहरूले मात्र सम्पर्क गर्नुहोला ।

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन २३ गते (8 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

AARAV GLOBAL RECRUITMENT PVT. LTD.
श्रम इजाजत पत्र नं. १२२५/०७४/७५
एकताटोल, सिनामंगल, काठमाडौं
(Opposite Hyundai Service Center)
फोन: ०१-४५९२९०५, ०१-४५९२९०६
मो. ९८०२३२३१९५, ९८०२३२३१९६, ९८०२३२३१९७, ९८०२३२३१९८, ९८०२३२३१९९
Email: hiringagr@gmail.com Aaravglobal.recruitment



## मलेसियामा रोजगार | कम्पनी: YSH FOOD SUPPLIES SDN BHD शहर: PULAU PINANG

पूर्व स्वीकृत मिति: २०८०/०४/१५ चलानी नं.: ६०२०५४२२ LT. No.: 290149

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Production Operator | 12 | 0 | स. काममा दक्ष | 1500 | ४३,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: THE CANTEEN ROOM SDN. BHD शहर: KUALA LUMPUR

पूर्व स्वीकृत मिति: २०८०/०४/१५ चलानी नं.: ६०२०५४२३ LT. No.: 290148

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Crew Restaurant | 6 | 0 | स. काममा दक्ष | 1500 | ४३,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन २३ गते (8 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

वि. एस. ओभरसिज प्रा. लि.
B.S. OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. ५४०/०६१/०६२
पो.ब.नं.: १५१४२, सामखुसी - ३, काठमाडौं, नेपाल
फोन नं.: ०१-४९६३३५८, ०१-४९८७४०२, ०१-४३६४४१०
ISO 9001 : 2015 CERTIFIED Regd No : 19313/A/001/En
E-mail: info@bsoverseasnepal.com.np, bsoverseasnepal1@ gmail.com
website: www.bsoverseasnepal.com.np



## MALAYSIA मा रोजगार | कम्पनी: MENG CHOON FOOD INDUSTRIES SND BHD शहर: JOHOR

पूर्व स्वीकृत मितिः २०७९/०३/२० चलानी नं.: ६०१८२४९६ LT. No.: 266525 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 35 | 0 | स. काममा दक्ष | 1500 | ४३,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन २३ गते (8 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BIGYAN H.R. MANAGEMENT (P.) LTD.
Govt Lic No. 1503/074/075
BIGYAN HR MANAGEMENT PVT. LTD.
Chandol-04, Chappalkarkhana Chowk, Kathmandu, Tel: 4522477, 4523477



## मलेसियामा रोजगारको अवसर | कम्पनी : 10 GRAM GOURMET SDN.BHD शहर: SELANGOR

पूर्व स्वीकृत मिति:२०८०/०४/१४ चलानी नं.:६०२०५४०५ LT. No.: 290154

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant crew | 10 | 0 | स. काममा दक्ष | 1500 | ४३२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन २३ गते (8 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

